सामाजिक शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था बाबु राजा खड्का २०७३

# सामाजिक शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत
स्नातकोत्तर तहएम.एड द्वितीय वर्षको (Ed.CE.598) आंशिक आवश्यकता
पूरा गर्नका लागि प्रस्तुत

शोधपत्र


शोधार्थी

बाबु राजा खड्का

परीक्षा रो.नं.: २१४०००६/२०६६

शैक्षिकवर्ष: २०६४/०६५

त्रि.वि.वि. दर्ता नं.: ९-१-२१४-३०५-२०००

सुकुना बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कोशी हरैंचा, मोरङ



२०७२, चैत्र

# प्रतिबध्दता

सामाजिक शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था विषयमा प्रस्तुत सोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह एम.एड द्वितीय वर्षको (Ed.CE.598) आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गरिएको मेरो मूल पत्र हो र यो सोधपत्र उक्त प्रयोजन भन्दा अन्यत्र दुरुपयोग नहुने तथा नगर्ने प्रतिबध्दता जाहेर गर्दछु ।

बाबु राजा खड्का

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षशास्त्र सङ्काय सुकुना बहुमुखी क्यम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर द्वितीय बर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगविषयमा शोधपत्र लेख्ने अवसर प्रदान गर्नु भएकोमा विभागीय प्रमुख तथा सहायक क्याम्पस प्रमुख लक्ष्मीकुमार श्रेष्ठ लगायत सम्पूर्ण पाठ्यक्रम तथा मूल्याङ्कन विभागप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रको प्रस्तावनादेखि प्रतिवेदन लेखन कार्यसम्म आफ्नो अमूल्य समय, सहयोग, सल्लाह, सुझाव एवम् निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरू शोध निर्देशकगणेश प्रसाद दहालज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।यसैगरी खोज अनुसन्धानमा प्रेरणा जगाउने तथा अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने सुकुना बहुमुखी क्यम्पसका सम्पूर्ण प्राध्यापकहरूप्रति हार्दिक कृतज्ञता दिन चाहन्छु ।

शोधपत्र तयार पार्ने क्रममा अवश्यक सूचनाहरू उपलब्ध गराउनु हुने अध्ययन क्षेत्रका नमुना छनौटमा परेका सम्वन्धित विद्यालयका प्र.अ., शिक्षकहरू  र विद्यार्थीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस कार्यलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग गर्नुहुने साथीभाइ, सहकर्मी तथा सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रतिवेदन तयार पार्ने क्रममा आफ्नो व्यस्तताका बावजुद पनि पाण्डुलिपिलाई कम्प्युटर टाईप तथा सेटिङ् गरी यस अवस्थामा तयारी गर्ने मित्र यादवप्रसाद ढकाल तथा शुद्धाशुद्धी सच्याउने मित्र सीताराम लुइटेललाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

बाबु राजा खड्का

# शोधसार

सामाजिक अध्ययन विषयको धारणाले समाजका प्रत्येक व्यक्तिलाई मानवीय जिम्मेवार विवेकशील क्षमतावान् र असल नागरिक भई जीवन यापन गर्न सक्ने खालका विषयवस्तुहरु समावेश गरी प्रयोगात्मक शिक्षण सिकाई क्रियाकलाप गराउन अभिप्रेरित गरेको छ । यस विषयले प्रत्यक्ष रुपमा समाजका विविध पक्षहरुसंग सम्वन्ध कायम गरी सिकाईलाई अगाडि वढाउन टेवा पुऱ्याउदछ । त्यसैले सामाजिक विषयमा वातावरणमा भएका प्राकृतिक वस्तु र व्यक्तिलाई विषयवस्तुका आधारमा चित्र, नमुना, ठोस वस्तु, स्थलगत भ्रमण र स्रोत व्यक्ति जस्ता स्थानीय स्तरमा उपलव्ध हुने सामग्रीहरुलाई प्रयोगमा ल्याई कठीन धारणालाई बुझ्न सहयोग गर्दछ ।

सामाजिक बिषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था शीर्षकमा गरिएको यस अध्ययनमा स्थीनय शैक्षिक सामग्री सम्वन्धमा सरोकारवालाको धारणा, वर्तमान अवस्था मूल्याङ्कन, स्थानीय शैक्षिक सामग्रीको प्रभावकारीताको विश्लेषण, समस्या र समाधानका उपायहरु पहिचान गर्नु रहेको थियो । यस अध्ययनमा स्थलगत सर्वेक्षण गरी वर्णनात्मक ढाँचाको प्रयोग गरिएको थियो । यो अध्ययनकालागि मोरङ जिल्ला अन्तर्गतको दुलारी परीक्षा समितिअन्तर्गतका सामुदायिक विद्यालयहरु मध्ये दुई वटा मा.वि. र दुई वटा प्रा.वि. को छनौट गरी उत्तरदाताहरुमा चारवटै विद्यालयका सोहि तहमा सामाजिक विषयको अध्यापन गर्ने शिक्षक कक्षा ५ का विद्यार्थी र प्र.अ. लाई समावेश गरिएको छ । यस अध्ययनका साधनहरुमा अन्तरबार्ता प्रश्नावली, खुला प्रश्नावली, अवलोकन फारम र लक्षित समूह छलफलको प्रयोग गरिएको छ । यो अध्ययन परिमाणात्मक र गुणात्मक दुवै विधिमा आधारित रहेको छ ।

यस अध्ययनमा प्राथमिक तहको सामाजिक विषय शिक्षणमा विभिन्न स्थानीय स्रोत साधनको प्रयोग गरी शिक्षण गर्नु पर्नेमा त्यस्ता सामग्रीहरुको प्रभावकारी ढंगबाट प्रयोग भएको पाईदैन स्थानीय शैक्षिक सामग्रीमा वातावरणमा पाईने, मानव निर्मीत, मानवीय स्रोत, शिक्षक विद्यर्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था सामाजिक विषयका विषयवस्तु अनुरुप केही मात्रामा प्रयोग भएको तर विषयवस्तुको आवश्यकता अनुसार उपयोग गरेको पाईदैन । त्यसैगरी स्थानीय शैक्षिक सामग्री प्रयोगमा शिक्षकमा आवश्यक तालिमको अभाव, विद्यालयको आर्थिक स्रोतको अभाव व्यवस्थापन कठिनाई पाठ्यक्रमको प्रयोग नहुनु, योग्य र तालिम प्राप्त शिक्षक नहुनु जस्ता समस्याका कारणले स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्याहरु उत्पन्न भएका छन् । ती समस्याहरु समाधान गर्न तालिममा जोड, व्यवस्थापन पक्षमा सुधार, योजना

निर्माण, प्रभावकारी निरीक्षण, पाठ्यक्रमको कार्यान्वयन गरी समस्याहरु केही मात्रामा भएपनि समाधान गरेको पाईन्छ ।

यसरी यस्ता समस्याहरु समाधान गरी स्थानीय स्तरमा रहेका शैक्षिक सामग्री प्रयोगलाई प्रभावकारी वनाउन विभिन्न तालिमको व्यवस्था गर्नु पर्ने, आर्थिक स्रोत जुटाउनु पर्ने, योजनावद्ध शिक्षणमा जोड दिई शिक्षक स्वयंम् जिम्मेवारी हुनु पर्ने देखिन्छ । यसो गरेको खण्डमा सामाजिक शिक्षणमा स्थानिय शैक्षिक सामग्रीको प्रयोग प्रभावकारी ढंगले हुन गई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । पाठ्यक्रमका आधारमा शिक्षण सिकाईमा प्रयोग गरिने स्थानीय शैक्षिक सामग्रीको विकासकालागि शिक्षक दक्ष हुनु पर्दछ । त्यसकालागि निश्चित आधारहरु पार गरी शिक्षण पेशामा प्रवेश गराई स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी शिक्षण सिकाईमा परिवर्तन ल्याउन सकिन्छ ।

# विषय सूची

पृष्ठ सङ्ख्या

प्रतिबध्दता ख
सिफारिस पत्र ग
स्वीकृति पत्र घ
कृतज्ञता ज्ञापन ङ
शोधसार च
तालिका सूची ट
सङ्क्षिप्त शब्दावली ठ

अध्याय एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ९
१.३ अध्ययनको औचित्य ११
१.४ अध्ययनको उद्देश्य १२
१.५ अनुसन्धानका प्रश्नहरु १३
१.६ अध्ययनको महत्व १३
१.७ अध्ययनको परिसीमा १४

अध्याय दुई : सैद्धान्तिक अधार र सम्बन्धित साहित्यको पुनरावलोकन

२.१ सम्वन्धित साहित्यको पुनरावलोकन १५
२.२ सैद्धातिक ढाँचा १७
२.३ पुनारावलोकनको उपदेयता १८

अध्याय तीन : अध्ययन विधि

३.१ अनुसन्धान ढाँचा २०
३.२ जनसङ्ख्या र नमुना २०

३.३ छनोट विधि २०
३.४ तथ्याङ्कको स्रोत २१
३.५ अध्ययनका साधन २१
३.६ सूचना सङ्कलन विधि २१
३.७ तथ्याङ्क विश्लेषण विधि २२

## अध्याय चार : तथ्याङ्कको प्रस्तुतीकरण, व्याख्या र विश्लेषण

४.१ प्राथमिक तहमा सामाजिक अध्ययन शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था २४
४.२ स्थानीय शैक्षिक सामग्रीका प्रकार र तिनको प्रयोग २५
४.२.१ वातावरणमा पाइने प्रकृतिक स्थानीय शैक्षिक सामग्री २५
४.२.२ वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था २९
४.२.३ वातावरणमा पाइने मानवीय स्रोतहरू ३२
४.२.४ शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री ३४
४.३ स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा देखिएका समस्याहरु ३६
४.३.१स्थानीय शैक्षिक सामग्री निर्माण सम्वन्धी आवस्यक तालिमको अभाव ३७
४.३.२ स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा शिक्षकको योग्यता र दक्षताको अभाव ३८
४.३.३ विद्यालयको शैक्षिक सामग्री निर्माण र व्यवस्थापनमा कमजोरी ४०
४.३.४ शिक्षकमा पाठ्यक्रम सम्वन्धी ज्ञानको अभाव ४१
४.४ प्राथमिक तहको सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरु सुझाउनअपनाइएका उपायहरू ४३
४.४.१तालिमको अभावमा अपनाइएका समाधानका उपायहरू ४३
४.४.२विद्यलयले शैक्षिक सामग्रीको निर्माण र व्यास्थापनको समस्या समाधानमा अपनाइएका समाधानका उपायहरू ४३
४.४.३योग्यता र क्षतासम्वन्धी समस्या समाधानमा अपनाइएका उपायहरू ४४
४.४.४शिक्षकमा पाठ्यक्रम सम्वन्धी ज्ञानको अभावमा अपनाइएका उपायहरू ४४

## अध्याय पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ४६

५.१.१. वर्तमान अवस्थाको मूल्याङ्कन / सरोकारवालाको धारणा ४६

५.१.२ स्थानीय शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था ४६

५.१.३ स्थानीय शैक्षिक सामग्री प्रयोग सम्वन्धी समस्या ४७

५.१.४ स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समाधानमा अपनाइएका उपायहरू ४८

५.२ निष्कर्ष ५०

५.३ सुझावहरू ५०

सन्दर्भ सूची

अनुसूचीहरू

# तालिका सूची

पृष्ठ सङ्ख्या

तालिका १ : स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था वारेमा सरोकार वालाको धारणा २४

तालिका २ : वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री २८

तालिका ३ : वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था ३१

तलिका ४ : स्थानीय शैक्षिक सामग्रीको रुपमा मानवीय स्रोतको उपयोग ३३

तलिका ५ : शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्रीहरू ३५

तालिका ६ : आवस्यक तालिमको अभाव ३७

तालिका ७ : योग्यता र दक्षता सम्वन्धी समस्या ३९

तालिका ८ : स्थानीय शैक्षिक सामग्री निर्माण र व्यवस्थापनमा कमजोरी ४१

तालिका ९ : शिक्षकमा पाठ्यक्रम सम्वन्धी ज्ञानको अभाव ४२

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| प्र.अ. | – | प्रधानाध्यापक |
| प्रा. वि. | – | प्राथमिक विद्यालय |
| मा.वि. | – | माध्यमिक विद्यालय |
| प्रा. शि. पा. | – | प्राथमिक शिक्षा पाठ्यक्रम |
| जि.वि.स. | – | जिल्ला विकास समिति |
| न.पा. | – | नगरपालिका |
| गा.वि.स. | – | गाँउ विकास समिति |

# अध्याय एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासलाई नियानल्ने हो भने रामा पिथेकस अन्य वादरबाट अलग भई समाजको निर्माण गऱ्यो त्यसै समयदेखि समाजको निर्माण हुन पुगेको पाइन्छ । मानवको विकास सिकारी युग, कृषि तथा पशुपालन, सामन्ती युग हुदै वर्तमान औद्योगिक युगसम्म आएको पाइन्छ ( गौतम, २०६५) । शिक्षा एक यस्तो प्रकृया हो जसमा व्यक्तिको सर्वाङ्गीण विकास भई यसले आफूलाई आ^नो भौतिक, सामाजिक र आध्यात्मिक वातावरण अनुकुल वनाउादछ । शिक्षाले व्यक्तिका जन्मजात गुण र शक्तिलाई विकसित गर्नमा सहायता पुऱ्याउदछ, उसलाई आ^नो वातावरणसँग सामञ्जस्य गराउनमा सहायता दिन्छ, उसलाई जीवन र नागरी कको कर्तव्य र दायित्वका लागि तयार पार्दछ र साथै समाज, देश र विश्वकै अनुकूल व्यवहार तथा आचारणका लागि प्रेरित गर्दछ । मानिसलाई सामाजिक प्राणी वनाउने आधार पनि शिक्षा नै हो, किनकी “विद्याविहीनः पशु झै समान” भन्ने वाक्यबाट पनि पुष्टि हुन्छ, (गौतम,२०५२) । यसै सन्दर्भमा जोन डिवे का अनुसार शिक्षा अनुभवको त्यो पुर्ननिर्माण वा पुनर्गठन जसबाट पछि हुने अनुभवहरुको मार्ग निर्देशकको योग्यतामा वृद्धि हुन्छ (गौतम, २०६५) ।

यसरी शिक्षा मानवीय जीवन भरमा प्राप्त हुने गरेको सम्पूर्ण अनुभवहरूको संगालो हो । शिक्षाले व्यक्तिमा अन्तर्निहित क्षमतालाई सम्भाव्य मात्रामा पूर्ण विकसित गराउनको लागि सहयोग पुऱ्याउादछ । शिक्षा देश विकासको मेरुदण्ड भएकोले शिक्षालाई परिर्वतनको संवाहक पनि भन्न सकिन्छ । विश्वका कुनै पनि देशको आर्थिक, सामाजिक र राजनीतिक विकासमा महत्वपूर्ण स्थान हुने भएकोले हरेक राष्ट्रले देश विकासका लागि शिक्षा क्षेत्रलाई प्राथमिकता दिएको पाइन्छ ।

शिक्षाको थालनी परापूर्व कालदेखि भएको भएता पनि नेपालमा ऐतिहासिक दृष्टिकोणबाट नेपाललाई प्राचिनकाल, मध्यकाल र आधुनिक कालमा विभाजन गरीएकोपाइन्छ । फ्रान्सेली इतिहासकार सिल्भान लेभीले नेपालको शिक्षाको विकास चरणलाई निम्नानुसार विभाजन गरेका छनः

१. स्वदेशी चरणको शिक्षा
२. शैक्षिक उपेक्षाको चरण
३. शिक्षाको विरोधी काल
४. विकास काल

यी माथिका चरणहरू मध्ये विकासकाललाई शिक्षाका लागि उपयुक्त अवधिको रुपमा लिइन्छ भने राणाकालको स्थापना कालदेखि राणाशासनको अन्त्यसम्मको अवधिलाई शिक्षाको विरोधीकालको रूपमा लिइन्छ (अर्याल, निरौला र कोइराला, २०६७) ।

ˆल्यास रिपोर्ट २०६६ अनुसार हाम्रो देश नेपालमा औपचारिक रुपमा वि.स.१९१० मा शिक्षाको सुरुवात दवार स्कूलको स्थापना जङ्ग वहादुर राणाले गरेदेखि भएको पाइन्छ । तर वास्तविक अर्थमा शिक्षा क्षेत्रमा सुधारको कार्य वि.स.२००७ साल पछि मात्रै भएको पाइन्छ । शिक्षालाई योजनावद्ध र व्यावस्थित गर्ने उद्देश्यले वि.स. २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग लागु भए पछि गठन गरीएकोथियो । यस अवधि पूर्व नेपालमा विभिन्न तहका विद्यालय ,कलेजहरू स्थापना भएपनि यिनीहरूमा दिईने शिक्षा पर्याप्त र व्यवस्थित दुवै थिएनन् । वि.स.२००७ सालसम्म नेपालमा करीब २ वटा क्याम्पस २६ वटा मा. वि. र ३०० भन्दा बढी प्रा.वि. मात्र स्थापना भएका थिए भने २०६६ साल सम्म आइ पुग्दा ३१६५५ प्रा.वि., ११३४१ नि.मा.वि. र ६९२८ मा.वि. विद्यालय स्थापना भइसकेका छन् (शर्मा २०६४) ।

वाइनिङ्ग एण्ड वाइनिङ्गका अनुसार सामाजिक अध्ययन विषयवस्तुद्धारा एउटा सस्तो आधार प्रस्तुत गरी न्छ जसको सहायताबाट हामी विद्यार्थी सक्षम आजको विश्वलाई स्पस्ट र सरल बनाउन सक्दछौ । यसवाट विद्यार्थीहरूमा केही निश्चित बानी तथा कुशलताको प्रशिक्षण दिन सकिन्छ । यस सागै यिनीहरूमा यस्ता अभिवृद्धि एवम् आदर्श विकसित गरी न्छ । जसले गर्दा वालवालिकाहरु प्रजातान्त्रिक समाजको प्रभावकारी सदस्यका रुपमा आˆनो स्थान कायम गर्न सक्षम हुन्छन् ( लुइटेल,२०६१) । यसरी मानिसले गर्ने प्रत्येक क्रियाकलापहरू उसका परिवार छरछिमेक नाता गोता आदिसाग गासिएका हुन्छन् । मानिस समाजको एक जिम्मेवार सदस्य भएकाले पनि उसले आˆनो घरपरिवार, समाज, राष्ट्र र विश्वका वारेमा आवश्यक अध्ययन गर्ने ज्ञान आर्जन गर्न सकोस भनेर यसको उदय भएको पाइन्छ । समाज, व्यक्ति ,परिवार मिलेर वनेको हुनाले समाजलाई ठीक अवस्थामा राख्नका लागि सहयोग पुऱ्याउादछ । यस विषयले व्यक्तिमा प्रेम, सहानुभूति ,भातृत्वको भावना, सहिष्णुता जस्ता व्यक्तिगत तथा सामाजिक गुणको विकास गराउदछ (ढकाल २०६२ ) । सामाजिक अध्ययन विभिन्न विषयको एकीकृत रुप भएकोले यसमा विभिन्न विषयवस्तु समावेश भएका हुन्छन ।

चित्र १: सामाजिक अध्ययनका विषयवस्तुको स्रोत

| | |
|---|---|
| अर्थशास्त्र | मानवशास्त्र |
| राजनीतिकशास्त्र | सामाजिक अध्ययन |
| भुगोल | समाजशास्त्र |
| इतिहास | दर्शनशास्त्र |
| सामीजक मनोविज्ञान | |

*स्रोत: लुइटेल, २०६१*

यसरी सामाजिक अध्ययनले विभिन्न सामाजिक विज्ञानवाट विभिन्न विषयवस्तु प्राप्त गर्ने गर्दछ । यस विषयको थालनी गर्ने देशको रुपमा संयुक्त राज्य अमेरीकालाई लिइन्छ । तत्कालिन समयको जटिल परिस्थिति वुझ्री भौगोलिक, ऐतिहासिक, आर्थिक, राजनीतिक ज्ञान आर्जन गरी सामाजिक मूल्यमान्यताको परिधिलाई पालना गर्दै एक सक्षम सवल नागरी क वनी सुखमय र सम्मानजनक जीवनयापन गर्ने विषयको रुपमा सामाजिक अध्ययनलाई स्वीकार गरेको थियो । सन् १९१६ भन्दा अगाडि यसलाई सामाजिक ज्ञानको रुपमा मात्र लिने गरेको थियो । त्यसमा भूगोल, इतिहास, राजनीतिशास्त्र र समाजशास्त्रका विषयमात्र राखिएका थिए (ढकाल,२०६२) । सन् १९१६ मा Committee on the social studies of the National Education Association for Organization of Secondary Education sf] प्रतिवेदनमा यस विषयलाई छुटै विषयका रुपमा मान्यता दियो । प्रथम विश्वयुद्ध (सन् १९१४–१९१८) र दोस्रो विश्वयुद्ध (सन् १९३९–१९४५) ले क्षतविक्षत भएका राष्ट्रहरूको आपसी सहसम्वन्ध, जातजाति विच उठेको कुण्ठा, औद्योगिक एवम् आर्थिक धाराशायिलाई पुनर्निर्माण गर्ने मलमको रुपमा सामाजिक अध्ययनले फस्टाउने मौका पायो । भारतमा सामाजिक अध्ययन विषयको थालनी सन् १९३७ को आधार शिक्षा प्रणाली पछि मात्र शुरु भएको हो ।  वेलायती तथा फ्रान्सेली साम्राराज्यवादबाट स्वतन्त्र भएका एसियाली, अफ्रिका तथा ल्याटिन अमेरीकी देशहरुमा सन् १९६० मा उपनिवेशवाट मुक्त भएपछि सामाजिक अध्ययन एक विषयको रुपमा अध्ययन गर्न थालिएको हो (ढकाल, २०६२) ।

नेपालको सन्दर्भमा सामाजिक अध्ययन सम्वन्धित विषयवस्तु सङ्गठित गरी सामाजिक अध्ययन विषयका रुपमा ने.रा.शि.आ. को सिफारिस पछि प्राथमिक तह देखि मा.वि. तह सम्म सुरु गरीएकोथियो । यसै गरी राष्ट्रिय शिक्षा समिति २०१८ को सिफारिसले सामाजिक अध्ययनलाई प्राथमिक तह र नि.मा.वि. तह सम्म लागु गरी माध्यमिक तहमा सामाजिक विज्ञान समूहबाट ऐच्छिक विषयको रुपमा छान्न पाउने व्यवस्था गर्यो । रा.शि.प. योजना २०२८ ले प्राथमिक तहदेखि मा.वि तहसम्म मुख्य विषयका रुपमा स्वीकार गरको थियो । वि.स. २०३८ को पाठ्यक्रम कार्यान्वयन योजनाले भने सामाजिक विषयलाई फेरि प्राथमिक र नि.मा.वि. तह सम्म अनिवार्य र मा.वि. तहमा सामाजिक विज्ञान विषयमा इतिहास, भूगोल, नागरी कशास्त्र र अर्थशास्त्र मध्ये छनोट गरी अध्ययन गर्नुपर्ने व्यवस्था गर्यो । २०४६ सालको जनआन्दोलन पश्चात गठित रा. शि. आ. प्रतिवेदन २०४९ र उच्च स्तरीय राष्ट्रियशिक्षा आयोग २०५५ ले विगतको पाठ्यकमको मूल्याङ्न गरी नयाा पाठ्यक्रमको निर्माण गरी पुनः वि.स २०५६/०५७ मा क्रमशः कक्षा ९ र १० मा अनिवार्य विषयका रुपमा लागु गरी यो (लुईटेल, २०६१) ।

आजको विश्व अध्यात्मिकतावाट टाढिएर भौतिकवादतिर डुबेको र मानिसहरूमा व्यक्तिगत प्रवृत्ति हावी भएको सन्दर्भमा आ^नो गााउघर समाज देश र विश्वलाई हत्या हिंसा विकृति, विखण्डन, धार्मिक विभेद तथा पशुवत प्रवृतिवाट टाढा राखी मानिसहरूमा आपसि मेलमिलाप, सह–अस्तित्वको भावना प्राजातान्त्रिक मूल्य र मान्यताको विकास गरी मानिसहरूको सामाजिकीकरणमा यस विषयको वर्तमान अवस्थामा आवश्यकता र महत्व कम आकलन गर्न सकिन्न ।

शिक्षण सामग्री त्यो हो जसको प्रयोगले लेखेको वोलेको कुरालाई वुझ्उन सहयोग गर्दछ । यसको प्रोयोगवाट विद्यार्थीले सिकेको कुरा उनीहरुको मनमा लामो समयसम्म मस्तिष्कमा राख्न सहयोग पुग्दछ । उनीहरूलाई सार्थक र व्यवहारिक ज्ञान प्राप्त हुन्छ सृजनात्मक प्रतिभाको विकास हुन्छ, अध्ययनको क्रियाकलापमा शिक्षकको संलग्नता वढ्छ (गौतम, २०५२) ।

कक्षामा अध्ययन गराउादा शाब्दिक वर्णनबाट मात्र विद्यार्थीहरूलाई त्यस विषयमा स्पष्ट तथा ठोस धारणा वनाउन गाह्रो पर्दछ । त्यसैले उनीहरूलाई व्यवहारिक ज्ञान प्रदान गरी क्रियाकलापयुक्त अध्ययन गराउन आवश्यक पर्ने सामग्री नै शैक्षिक सामग्री हुन् ।

प्रकृतिका सम्पूर्ण पदार्थवाट मानिसको चेतना निर्माण हुन्छ । यसरी निर्माण भएको चेतना वा ज्ञानवाट सिद्धान्तको विकास हुन्छ ।  प्रकृतिका वस्तुहरूलाई सिद्धान्तका आधारमा रुपान्तरण गरी आ^ना उद्देश्य प्राप्तका लागि उपयोग गरी ने चिज, वस्तु वा विभिन्न क्रियाकलापलाई

उपलब्धिमूलक वनाउन आवश्यकता पर्ने साधन र स्रोत नै सामग्री हुन र यसलाई शिक्षाको क्षेत्रमा प्रयोग गरी न्छ भने त्यो नै शैक्षिक सामग्री हो (घिमिरे र गिरी, २०६१) । सामाजिक अध्ययनमा मानिसका आर्थिक सामाजिक सांस्कृतिक क्रियाकलापसाग सम्वन्धित थुप्रै विषयवस्तुहरू समावेश गरी एका हुन्छन । तिनीहरूको प्रभावकारी शिक्षण गर्न सामाजिक विषयको पाठ्यपुस्तकमात्र प्रयाप्त हुदैन । यस विषयको पाठ्यपुस्तकमा भएका विषय वस्तुहरूको प्रभावकारी शिक्षण सम्पन्न गर्न विभिन्न किसिमका सहभागी सामग्रीहरुको आवश्यकता पर्दछ । पाठ्यपुस्तकमा भएका विषयवस्तुलाई प्रभावकारी रुपमा शिक्षण गर्न कक्षामा भएका तथा शिक्षकले साथमा लैजाने विविध सामग्रीलाई भनिन्छ (लुइटेल, २०६१) ।

सामाजिक अध्ययनमा विविध क्रियाकलापसाग सम्वन्धित विषयवस्तुहरू समावेश गरीने हादा तिनीहरूको शिक्षणका लागि प्रयोगमा ल्याउन सकिने सामग्रीलाई निम्न भागमा विभाजन गर्न सकिन्छः

- पाठ्यसामग्री
- दृष्यसामग्री
- श्रव्यसामग्री
- श्रव्यदृष्यसामग्री

*स्रोतः लुईटेल, २०६१ ।*

विद्यालयको अध्ययन अध्यापन क्रियाकलापमा शैक्षिकसामग्रीहरुको उपयोगिता र आवश्यकतालाई अस्वीकार गर्न सकिन्न । अध्यापनलाई प्रभावकारी, रोचक तथा सरल वनाई सिकेको कुरालाई चिरस्थायी सार्थक, व्यवहारिक ज्ञान दिलाउन र कार्यमूलक अध्यापन गर्न यसको ठूलो महत्व रहेको हुन्छ (गौतम २०५२ ) । यसो हुदा हुदै पनि आर्थिक स्थिरताले पिछडिएका विद्यालयहरूमा यसको अनिवार्यतालाई एक आर्थिक वोझको रुपमा लिइन्छ । धेरै जसो विद्यालयमा यस्ता सामग्री जुटाउन गााह्रो हुने भएकाले यस्ता शैक्षिक सामग्रीको अभाव रहेको छ । यस अवस्थामा महागो तथा सहज उपलव्ध हुन नसक्ने शैक्षिक सामग्रीको भर परिरहनु भन्दा स्थानीय स्रोत र सामग्रीको प्रयोग गरी शैक्षिक सामग्री वनाउनु पर्दछ । स्थानीय खेर फालिएका वस्तुहरू

जुटाई शिक्षक र विद्यार्थीले आˆनै मेहनत र प्रयासले सजिलै निर्माण र संकलन गर्न सकिने सामग्रीलाई स्थानीय शैक्षिक सामग्री भनिन्छ (गौतम, २०५२) ।

सेरिड (२०३३) का अनुसार स्थानीय वातावरणमा पाईने सामान्य वस्तुवाट निर्माण, संकलन र प्रयोग गर्न सकिने सामग्रीलाई स्थानीय शैक्षिक सामग्री भनिन्छ ।

यसवाट के प्रष्ट हुन्छ भने विभिन्न स्थान विशेषका आधारमा स्थानीय वातावरणमा उपलव्ध हुन सक्ने र विषयवस्तुसाग मेल खाने र व्यवस्थित रुपमा प्रयोग गर्न सकिने जुनसुकैचिज वा वस्तुलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गन्छि भने त्यस्ता सामग्रीलाई स्थानीय शैक्षिक सामग्री भनिन्छ ।

सामाजिक विषयको शिक्षणमा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरुको उपलव्धता, निर्माण तथा संकलन र प्रयोगको आधारमा स्थानीय शैक्षिक सामग्रीलाई निम्न भागमा विभाजन गर्न सकिन्छ :–

१. वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री ।

२. वातावरणमा पाइने मानवनिर्मित शैक्षिक सामग्री ।

३. वातावरणमा पाइने मानवीय स्रोतका शैक्षिक सामग्री ।

४. शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री ।

*स्रोत: घिमिरे र गिरी, २०६१ ।*

सेरिड (२०५९) का अनुसार नेपालको सन्दर्भमा आर्थिक कठिनाईका कारणले शैक्षिक गुणस्तरअभिवृद्धिगर्न नसकिनेरहेको अवस्थामा आवश्यक शैक्षिक सामग्रीलाई स्थानीय वस्तुको प्रयोगद्धारा शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा विकसित गर्ने नीति रा.शि.प.यो. २०२८ लागु भएपछि भएको पाइन्छ ।

नेपालमा स्थानीय तथा सुपथ मूल्यका शैक्षिक सामग्री विकास र विस्तार गर्ने कार्यको थालनी २०३३सालदेख औपचारिक रुपमा सुरुवात भएको पाइन्छ । स्थानीय शैक्षिक सामग्रीको आवश्यकातालाई पूरा गर्नको लागि प्रा.शि. पाठयक्रम (२०४९) मा पनि शिक्षण सिकाइ

क्रियाकलापमा विषयको प्रकृति अनुसार स्थानीय वातावरणले सहयोग पुऱ्याउने सामग्रीको संकलन निर्माण र प्रयोग गर्न निर्देशित गरेको छ (शिक्षा मन्त्रालय, २०६५) ।

अधिकारी (२०६४) का अनुसार कुनै पनि विषयमा पाठ्यक्रमद्धारा निर्दिष्ट गरको विषयवस्तुको प्रकृति अनुसारका शैक्षिक सामग्रीको छनोट गर्दा सामग्रीको विश्वसनियता उपयुक्तता, गुणस्तरीयता, उपलव्धता र प्रयोगको अवस्थालाई ध्यान दिएर शैक्षिक सामग्रीको निर्माण गर्नु पर्दछ । यसवाट के स्पष्ट हुन्छ भने शैक्षिक सामग्री विषयवस्तुसाग मेलखाने, सिद्दान्त र व्यवहार दुवैलाई सम्वोधन गर्ने, शिक्षण विधी र मूल्याङ्नसाग मेल खाने, स्थानीय वातावरणले सहयोग गर्ने र व्यवस्थित रुपले प्रयोग गर्न सकिने हुनु पर्दछ जसले गुणस्तरीय सिकाइमा सहयोग पुऱ्याउन सकोस । शैक्षिक सामग्रीको छनोट तथा उपलव्धता र उपयोग गर्नु पूर्व विषयवस्तुको राम्रो सुझवुझ प्रयोगको अवस्था, विषयवस्तु र सामग्री विचको तुलना , मूल्याङ्कन प्रक्रिया, निर्देशिकाले वताएका पक्षहरु प्रयोग गर्ने तरीका विधी तथा व्यवस्थापन पक्षलाई समेत विश्लेषण गरी चाहिएको शैक्षिक सामग्री प्रयोगमा ल्याउनु पर्दछ । यसरी विषयवस्तुका आधारमा छनोट गरी स्थानीय वातावरणले सहयोग गर्ने शिक्षण सिकाइका सवै पक्षमा उपयुक्त हुने सान्दर्भिक चित्र वा वस्तुलाई स्थानीय शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्नु नै यसको महत्व हो ।

शैक्षिक सामग्रीको माध्यमद्धारा विद्यार्थीहरुले व्यवहारिक शिक्षा हासिल गर्दछन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८–२०३२) कार्यान्वयनवाट विद्यालयमा विद्यार्थीलाई घोकाउने प्रवृत्ति विस्तारै हट्दै गएको कारणले पनि शैक्षिक सामग्री उपलव्ध गराउन जोड दिइएको छ । शैक्षिक सामग्रीको प्रयोगवाट क्रियाकलापयुक्त शिक्षण सिकाइ प्रणाली व्यवहारमा ल्याउनु नितान्त आवश्यक छ । सकारात्मक रुपमा शिक्षाको गुणस्तर वृद्धि र निर्माणका लागि शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकाले शिक्षकले कक्षाकोठामा अनुकुल वातावरणको सृजना गरी अध्यापनकार्य सफल पार्न विषय अनुसारका विभिन्न प्रकारका शैक्षिक सामग्रीको प्रयोग गर्नु अति आवश्यक हुन्छ । अधिकारी ( २०७०) का अनुसार सामाजिक विषयको शिक्षणलाई बढी रोचक र प्रभावकारी बनाउन शैक्षिक सामग्रीको अति आवश्यक पर्दछ । शिक्षण विधि र शैक्षिक सामग्रीको एक आपसमा सम्वन्ध रहेको हुन्छ । शिक्षण सिकाई भनेको सूचना हस्तान्तरण गर्नु हो भने यसरी सूचनाको प्रवाह गर्दा सुन्न सकिने, देख्न सकिने र गर्न सकिने हुनु पर्दछ । त्यसैले शिक्षण सिकाई गर्दा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्न सकेमा शिक्षण सिकाई प्रभावकारी हुन्छ । शैक्षिक सामग्रीको प्रयोगवाट विद्यार्थीले सिकेका कुरा उनीहरुको मनमा चीरस्थाइ रहन मद्धत पुगोस , उनीहरूले सार्थक र व्यवहारिक ज्ञान प्रप्त गर्न सकून , सिर्जनात्मक प्रतिभाको विकास गर्न सकियोस र शिक्षण

क्रियाकलापमा शिक्षक र विद्यार्थीको संलग्नता वढ्न सकोस भन्ने उद्देश्यका साथ स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनु आजको आवश्यकता हो । किनभने शिक्षाविद् कोवुनका अनुसार,

| क्र.सं. | माध्यम | सम्झना प्रतिशत |
|---|---|---|
| १. | तिनीहरू जे पढ्छन | १० प्रतिशत |
| २. | तिनीहरू जे सुन्छन | २० प्रतिशत |
| ३. | तिनीहरू जे देख्छन | ३० प्रतिशत |
| ४. | तिनीहरू जे सुन्छन र देख्छन | ५० प्रतिशत |
| ५. | तिनीहरू जे भन्छन | ७० प्रतिशत |
| ६. | तिनीहरू जे भन्छन र गर्छन | ९० प्रतिशत |

*स्रोत: अधिकारी, २०७० ।*

यसरी के देखिन्छ भने विद्यार्थीले आफैले शैक्षिक सामग्रीको सहयोगले सिक्न पायो भने त्यो शिक्षण प्रभावकारी भइ विद्यार्थी सक्रिय समेत हुन्छ । तसर्थ शैक्षिक सामग्रीको प्रयोगमा जोड दिई शिक्षण कार्यलाई प्रभावकारी वनाउनु आजको आवश्यक्ता हो ।

### १.२ समस्याको कथन

सामाजिक विषयको शिक्षणमा विद्यार्थीलाई दिन खोजिएका धारणाहरू स्पष्ट गर्न शैक्षिक सामग्री महत्वपूर्ण हुन्छन । सामाजिक विषयको शिक्षण प्रभावकारी,रोचक र व्यवहारमूलक बनाई सकारात्मक रुपमा शिक्षाको गुणस्तर वृदि गर्ने महत्पूर्ण साधन नै शैक्षिक सामग्री हुन । स्थानीय शैक्षिक सामग्री हुन । स्थानीय शैक्षिक सामग्रीको प्रयोगले बालवाकिले सिकेका कुरा दिगो राख्न र व्यवहारिक शिक्षा हासिल गर्न सहयोग पुर्‍याउने हुनाले स्थानीय शिक्षण सामग्री प्रयोग गर्दा सामाजिक विषयको शिक्षण प्रभावकारी हुन्छ । सिकाइलाई प्रभावकारी, मनोरञ्जक र विद्यार्थीको

वानी व्यहोरामा परिवर्तन ल्याउन शिक्षकले स्थानीय शैक्षिक सामग्रीको छनोट र प्रयोगमा निकै ध्यान दिनु पर्दछ । मूलतः हाम्रा वरपरका प्रायःजसो शैक्षिक सामग्रीको विकासमा स्थानीय स्रतलाई परिचालन गरिएमा विदेशी, बढी मोल पर्ने उच्चस्तरका शैक्षिक सामग्री प्रयोगमा ल्याउनुको सट्टा स्थानीय स्तरमा सजिलै प्राप्त गर्न सकिने र शिक्षक विद्यार्थी दुवै परिचित सामग्रीको प्रयोगले पठनपाठन वढी प्रभावकारी हुन्छ अधिकारी (२०७०) ।

सामाजिक अध्ययन भनेको आफू वस्ने समाज, गााउ, जिल्ला, देश तथा संसारको वस्तुस्थितिको अध्ययन हो (लुइटेल, २०६१) । तसर्थ यस विषयको पाठ्यपुस्तक र पाठ्यक्रम अनुसारका शैक्षिक सामग्रीको प्रयोग गरी व्यवहारिक तथा स्तरीय शिक्षा दिन सकेको खण्डमा शिक्षा व्यवहारिक हुन पुग्दछ तर विद्यालयको शिक्षण सिकाइ प्रणालीमा पाठ्यक्रमको मर्म अनुरुप शैक्षिक सामग्रीको प्रयोग न्यून रहेको, तालिममा प्राप्त भएको ज्ञान र सिप शिक्षणका क्रममा प्रकट कम भएको अवस्था रहेको छ । यस अवस्थामा " सामाजिक शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था " शीर्षकले केही मात्रामा भएपनि स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा रहेर समस्या,समाधान गरी स्थानीय स्तरमा उपलव्ध हुने सामग्रीको उपयोगमा वृद्धि गर्न सहयोग पुग्ने छ ।

"सामाजिक शिक्षण शिक्षकमा मात्र भर नपरी भौतिक पूर्वाधार तथा त्यसको अवस्थामा समेत भर पर्दछ । यसका लागि विभिन्न किसिमका शैक्षिक सामग्रीको आवश्यकता पर्दछ तर कम विकसित देशमा भौतिक सुविधा तथा शिक्षण सामग्रीको अभावमा शिक्षण कार्य प्रभावकारी हुन सक्दैन, (लुइटेल, पृ .३४७) । नेपाल जस्तो विकासोन्मुख राष्ट्र दुर्गम र ग्रामीण स्थान वढी भएका ठाउमा तयारी तथा गुणस्तरिय शैक्षिक सामग्रीको अभाव भइरहेको हुन्छ । शिक्षा क्षेत्रमा रहेको यस्तो अभावलाई कम गर्नका लागि स्थानीय स्तरमा सजिलै प्राप्त गर्न सकिने शैक्षिक सामग्रीको संकलन, व्यवस्थापन र प्रयोगमा ल्याउनु आजको आवश्यकाता हो । हाल आएर पनि समस्याको पहिचान, समाधान र कार्यान्वयन गरी शिक्षक, विद्यार्थी नीति निर्माता तथा अन्य सरोकारवालाले विभिन्न किसिमका शैद्धान्तिक कुरा गरेता पनि व्यवहारिक रुपमा कक्षा कोठामा प्रयोग गरको पाइदैन ।

यसै सन्दर्भमा "सामाजिक विषयको पाठ्यक्रमको मर्म अनुरुप शैक्षिक सामग्रीको प्रयोग न्यून रहेको, शिक्षक तालिममा सिकाइएका ज्ञान, सीप र अनुभव शिक्षकवाट कक्षा कोठामा प्रकट नभएको, कितावी ज्ञानका आधारमा मात्र शिक्षक केन्द्रित विधिवाट शिक्षण सिकाइ प्रकिया भइरहेको

तथा शिक्षकहरूमा व्यवसायिकता, उत्तरदायित्व र इमानदारिताको कमी रहेको जस्ता समस्याहरू उठिरहेका छन्" (अन्नपूर्ण पोष्ट, २०६७) ।

यसरी सरकारले ठूलो धनराशी शिक्षा क्षेत्रमा लगानी गरेको भएता पनि कक्षा कोठामा गरी ने शिक्षण सिकाइको समयमा व्यवहारिक रुपमा शैक्षिक सामग्रीको प्रयोगलाई उतार्न सकिएको छैन । यसैको सेरोफेरो रहेर स्थानीय शैक्षिक सामग्रीको प्रयोगको सम्वन्धमा सरोकारवालाको धारण, समस्या र समाधानका लागि गरी एका र गर्न सकिने प्रयाससाग सम्वन्धित रहने छ ।

## १.३ अध्ययनको औचित्य

स्थानीय शैक्षिक सामग्रको निर्माण मात्र ठूलो कुरा होइन । मूल कुरा त के हो भने स्थानीय शैक्षिक सामग्रीको प्रयोग कसरी गरिन्छ,त्यसमा यसको उपयोगितामा भर पर्दछ । राम्रो शैक्षिक सामग्री भएर पनि सही र ठीक ढंगबाट त्यसको प्रयोग हुन सकेन भने त्यसको कुनै औचित्य रहदैन । शैक्षिक सामग्रीलाई यसबेला प्रभावकारी मानिन्छ,जब शिक्षणका उद्देश्यहरू पूरा गर्ने काममा उक्त सामग्रीले सहयोग पुऱ्याउदैछ । शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा विभिन्न ज्ञान, सीप र धारणाहरूको विकास गर्न सगाउनुपर्दछ । शैक्षिक सामग्रीको प्रयोग गर्नाले सिकाई अर्थपूर्ण बन्यो भने मात्र शैक्षिक सामग्री प्रयोग गरेको अर्थ रहन्छ । त्यसैले शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग गर्दा पाठको स्वरुप र प्रकृति अनुसार गर्नु पर्दछ । कुनै पनि विषयको शिक्षण गर्दा त्यस विषयमा शैक्षिक सामग्रीले विद्यार्थीमा उत्सुकता पैदा गर्ने, उत्प्रेरणा प्रदान गर्ने, सिकाइ स्थायी बनाउने कार्य गर्न सक्नुपर्दछ । शिक्षण र सिकाइबीचको दुरी कम पार्न बालबालिकाहरूमा विभिन्न सीप तथा धारणाहरूको विकास गर्न, उनीहरूको सिकाइ अनुभव र सोचाइ क्षेत्रको अभिवृति विकास गर्न विभिन्न शैक्षिक सामग्रको प्रयोग गर्न आवश्यक हुन्छ । सिकाइलाई दिगो र अर्थपूर्ण बनाउन शैक्षिक सामग्रीको प्रयोग गर्न अत्यावश्यक हुन्छ । सिकाइलाई दिगो र अर्थपूर्ण बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकाले कक्षामा अनुकुल वातावरण सिर्जना गरी अध्ययन कार्य सफल पार्न शैक्षिक सामग्रीको उपयोग जरुरी हुन्छ, अधिकारी (२०७०) ।

शिक्षण सिकाइलाई प्रभावकारी पूर्ण वनाउन आवश्यक पर्ने साधन स्रोतको व्यवस्थापन गरी शिक्षण गर्नु शिक्षकको दायित्व हो । यस कार्यका लागि स्थानीय शैक्षिक सामग्री को प्रयोग सम्वन्धी ज्ञान, शिप, र धारण हुनु आवश्यक छ । आफुले प्राप्त गरको शैक्षिक ज्ञान, सिप, अनुभव शिक्षणका कममा विषयवस्तुलाई उपयुक्त वातावरणको सृजना गरी स्थानीय स्तरमा सजिलै प्राप्त

हुने तथा त्यतिकै खेरा गइरहेका शैक्षिक सामग्रीको संकलन, व्यवस्थापन र प्रयोग जस्ता पक्षमा सुधार गरी शिक्षण कार्यलाई सुधार गरी प्रभावकारी वनाउन मद्दत पुग्दछ। विद्यार्थीलाई स्थानीय शैक्षिक सामग्रीको पहिचान गरी संकलन गर्ने, उपयोग र उचित संरक्षण गर्ने वानीको विकास गरी विषयवस्तुको ज्ञानलाई रोचक ढंगले ग्रहण गरी व्यवहारिक शिक्षा आजन गर्न सहयोग पुग्दछ। शिक्षाको क्षेत्रमा कार्यरत प्रधानाध्यापक, शिक्षकलाई पाठ्यक्रमद्धारा तोकिएका उद्देश्य प्राप्त गरी स्थानीय शैक्षिक सामग्रीको प्रयोगलाई जोड दिइ शिक्षण सिकाई कार्यलाई प्रभावकारी व्यवहारिक र वालरुची पूर्ण वनाई अध्ययन अध्यापन गर्न सहयोग पुग्दछ र सामाजिक शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रोगको अवस्था पहिचान गर्न, व्यवस्थापन, संकलन र समाधानका उपाय अवलम्वन कार्यमा सहयोग गर्ने छ। यसका अलावा शिक्षासाग सरोकार राख्ने अन्य व्यक्ति, लेखक र नीतिनिर्मातालाई समेत सहयोग पुऱ्याउने छ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य विद्यालय तहमा सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था खोजिगर्न निम्नलिखित उद्देश्यहरु रहनेछन्:

१. प्राथमिक तहमा सामाजिक अध्ययन शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था मूल्याङ्कन गर्नु।

२. प्राथमिक तहमा प्रयोग गरी एका स्थानीय शैक्षिक सामग्रीको प्रभावकारिताको विषलेशण गर्नु।

३. स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरु विषलेशण गर्नु।

४. स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरु सुझाउनु।

## १.५ अनुसन्धानका प्रश्नहरु

प्रस्तुत शोध निम्न अनुसन्धानात्मक प्रश्नहरुमा आधारित हुनेछ :

१. स्थानीय शैक्षिक सामग्रीको प्रयोगको वर्तमान अवस्था कस्तो छ ?

२. स्थानीय शैक्षिक सामग्री पाठ्यकम विधार्थीको रुची तहआदिका आधारमा व्यवस्थापन कसरी गरीएकोछ ?

३. स्थानीय शैक्षिक सामग्रीको उपयोगमा देखापरेका समस्याहरु के के छन् ?

४. स्थानीय शैक्षिक सामग्रीको उचित व्यवस्थापन कसरी गर्न सकिन्छ ?

### १.६ अध्ययनको महत्व

सामाजिक विषयको पाठ्यपस्तकमा समावेश गरेका विभिन्न विषयवस्तुलाई पाठ्यक्रमको मर्म अनुरुप विद्यार्थीको रुची ज्ञान र क्षमतालाई वृद्धि गर्नका लागि विभिन्न शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा शिक्षाविद् कोबुनले शैक्षिक सामग्रीको महत्वलाई यसरी तालिकामा प्रस्तुत गरेका छन।

शैक्षिक सामग्री अध्ययनको महत्व

| क.स. | शिक्षण माध्यम | सिकाइ प्रतिशत |
|---|---|---|
| १. | स्वादका माध्यमबाट सिक्दा | १% |
| २. | छोएर सिक्दा | १.५% |
| ३. | गन्धका माध्यमबाट सिक्दा | ३.५% |
| ४. | सुनाइका माध्यमबाट सिक्दा | ११% |
| ५. | देखाइका माध्यमबाट सिक्दा | ८३% |

*स्रोतः अधिकारी, २०७०।*

यसरी हेर्दा देख्न पाउने गरी सिक्दा सबभन्दा बढी ८३ प्रतिशत सिक्न सकिने वताउछन। तसर्थ देख्न सकिने गरी सिक्नु भनेको कक्षामा शैक्षिक सामग्रीको उपयोग गरी सिक्नु हो।

शैक्षिक सामग्री मध्ये पनि स्थानीय स्तरमा रहेका स्रोत साधनको उपयोगले अझ वढी महत्व राख्दछ। यसै सन्दर्भमा यस शोध कार्यले शिक्षाको क्षेत्रमा स्थानीय स्तरमा रहेका शैक्षिक सामग्रीको

पहिचान, संकलन, निर्माण र प्रयोगमा  प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थी र यस क्षेत्रमा सरोकार राख्ने व्यक्तिहरुमा सहयोग पुऱ्याई पाठ्यक्रम र शिक्षाका राष्ट्रिय उद्देश्यले राखेका अपेक्षित उद्देश्य परिपूर्ति गर्न  विषयवस्तुको ज्ञानलाई व्यवहारिक वनाउन सहयोग पुऱ्याउने छ ।

१.७ अध्ययनको परिसीमा

सामाजिक शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था अध्ययन समय, अर्थ तथा साधन स्रोतको अभावका कारणले गर्दा मोडग जिल्लामा रहेका सामूदायिक विद्यालय मध्ये सुकुना स्रोत केन्द्रमा मात्र सिमित रही यस अध्ययनमा कक्षा ५ मा अध्ययनरत शैक्षिक सत्र २०७२ मा अध्ययनरत विद्यार्थीलाई मात्र समावेस गराइने छ ।

# अध्याय दुईः सम्वन्धित साहित्यको पुनरावलोकन र सैदान्तिक खाका

कुनै पनि अध्ययन अनुसंधानलाई प्रभावकारी, व्यवहारिक र वैज्ञानिक वनाउनका लागि सम्वन्धित साहित्यको पुनरावलोकन अति आवश्यक हो । अध्ययन अनुसंधान नयाा होस नदोहोरियोस भन्नका लागि साहित्यको समिक्षा गरी न्छ । यस अध्ययनमा “सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था” शिर्षकमा स्थानीय स्तरमा उपलव्ध भएका शैक्षिक सामग्री प्रयोगको अवस्था, यसको प्रयोगमा देखिएका समस्या र ती समस्या समाधानका लागि अपनाइएका विभिन्न उपायसाग सम्वन्धित साहित्यको पुनरावलोकन गरी ने छ ।

२.१	सम्वन्धित साहित्यको पुनरावलोकन

पौडेल (२०६३) का अनुसार तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरूको शिक्षणमा स्थानीय शैशिक सामग्रीको प्रयोग गरेर पढाउने नीति अनुरूप कुनै भिन्नता पाइएन । शिक्षणमा उनिहरूले शैक्षिक सामग्रीका रूपमा दैनिक प्रयोगका सामग्री वाहेक विषय वस्तुलाई स्पष्ट पार्नका लागि अन्य स्थानीय स्तरमा उपलब्ध हुनसक्ने सामग्रीको प्रयोग कम गर्दा उनिहरूको असक्षमता देखिनुका साथै विषयवस्तुको धारणालाई स्पष्ट पार्न सकिरहेको छैन ।

सामाजिक अध्ययन विषयले व्यक्ति, परिवार, छरछिमेक,समुदाय, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरसम्म मानवीय व्यवहारका क्रियाकलापहरू गर्नु पर्ने हुादा त्यसका लागि वालवालिकाहरूलाई विषयवस्तुले दिन खोजेको व्यवहारिक प्रयोगात्मक सीप प्रदान गर्न शैक्षिक सामग्रीको रूपमा उपयोग गर्न सकिने सामग्री स्थानीय स्तरवाटै पहिचान गरी शिक्षण कार्यलाई प्रभावकारी वनाइनु पर्दछ ।

यसर्थ पाठ्यपुस्तकका भरमा मात्र शिक्षण कार्य नगरी विषय वस्तुअनुरूपका शैक्षिक सामग्री उपलब्ध गराई शिक्षण कलालाई व्यवहारिक बनाउनुपर्दछ ।

न्यौपाने (२०६७) का अनुसार शिक्षकमा योग्यता र दक्षताको विकास गर्न शिक्षकलाई नियमित ढंगले पुर्नताजगी तालिम, शैक्षिक सामग्रीको निर्माण, प्रयोग सम्वन्धी विशेष तालिमको व्यवस्था गरी आर्थिक लगानि वृद्धि गरी योजनावद्ध शिक्षण गर्ने परिपाटिको व्यवस्था गरी नु पर्दछ । यसका लागि शिक्षक, प्र अ र विद्यार्थी स्वयम्लाई उत्प्रेरित गर्न पुरस्कृत समेत गर्नु पर्दछ ।

सैद्धान्तिक ज्ञानलाई जीवन उपयोगि बनाउनका लागि शिक्षकलाई विद्यार्थीलाई र प्रअलाई उर्जा पैदा गर्न सम्मान र पुरस्कारको व्यवस्था गर्न सकेको खण्डमा स्थानीय स्तरमा खेरा गइरहेका स्रोत र साधनको उपयोग भइ सैद्धान्तिक शिक्षा व्यवहारिक बन्न पुग्दछ ।

शिक्षा राष्ट्रिय विकासका निम्ति योजनागत रूपमा औपचारिक भएपछि शिक्षा प्रणालीमा हुादै आएका परिवतनहरूमा विभिन्न  राष्ट्रिय योजना आयोगका प्रतिवेदनहरूको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

राष्ट्रिय शिक्षा योजना आयोग (२०११) लागु भए पश्चात शैक्षिक प्रणालीको विकास हुनेक्रम निरन्तर अघी वढिरहेको छ । समय परिस्थिको आवश्यकता अनुसार यस्ता परिवर्तन भइरहेको छ । यही परिवर्तनको दौडसाग शैक्षिक परिवर्तनहरू चलिरहेका छन् । नेपालको सर्दभमा हेर्ने हो भने शैक्षिक विकासका लागि आमुल परिवर्तन सहित अगाडि वढेको योजना राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८) लाई लिइएको छ । यसै योजनाको कार्यान्वयनवाट शिक्षा प्राणालीमा लागु गरी एका कार्यक्रम तथा रणनीतिहरू वर्तमान अवस्था सम्म आइपुग्दा सम्मपनि अनुकरणीय छन् ।

राष्ट्रिय शिक्षा पद्धति योजनाबाट थालनी गरीएकोव्यवस्थित पाठ्यक्रम शिक्षक तालिम शैक्षिक सामग्रीको प्रंयोगबाट शिक्षण सिकाइ जस्ता पक्षहरू महत्वपूर्ण रहेको पाइन्छ । यी पक्षहरू मध्यको शैक्षिक सामाग्रीको प्रयोगबाट विद्यार्थीको सिकाइ माध्यमबाट प्रभावकारी वनाउने रणनीति वर्तमान अवस्थासम्मपनि समय सापेक्ष नै पाइन्छ । सैंदान्तिक रूपमा त्यसपछि बनेका आयोगका प्रतिवेदन र  पाठ्यक्रमका क्रियाकलापमा विषयवस्तुलाई अर्थ्याउन प्रस्टयाउन संभावित वाटाहरूको खोजी भएको पाइन्छ । यस्ता खोजी हुादै जादा २०३३ साल देखि स्थानीय शैक्षिक सामग्रीको अवधारणालाई अगाडि वढाउने शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा वातावरणमा पाइने स्थानीय शैक्षिक सामग्रीहरू अर्थपूर्ण सहयोग पु-याउने लक्ष्यका साथ लागु भएको पाइन्छ (प्र.शि.पा.२०६४) ।

## २.२ सैद्धान्तिक ढाचा

सिकाइ मनोविज्ञानका क्षेत्रमा मानसिक प्रक्रियाका क्षेत्रमा मानसिक प्रक्रियाको रूपमा देखा परेको मानसिक सिद्धान्तलाई निर्माणवादी सिकाइ सिद्धान्त भनिन्छ । सिकाइका वर्तमान अवस्थामा भएको सिकाइ अनुभवहरूले नयाँ ज्ञानको निर्माण गर्दछ र सिकारूले नयाँ सिकाइ सिकदछ भन्ने यस सिद्धान्तको आश्य हो । कान्ट, डिवे, पियाजे, भिगोस्की लगाएतका विभिन्न दार्शनिक निर्माण वादका पक्षमा देखिन्छन भने भिगोस्की र पियाजेको योगदान निर्माणवादको क्षेत्रमा महत्वपूर्ण मानिन्छ (शर्मा एण्ड शर्मा (२०६७)

पियाजेले वाल विकास प्रक्रिया ( निर्माणवादी सिकाइ विकास प्रक्रिया) मा चार अवस्था पहिलो अवस्थामा वालकले स्पर्स गर्ने सिपको विकास गर्ने, दोस्रो अवस्थामा शब्द अनुभवहरू प्राप्त गर्ने, तेस्रो अवस्थामा औचित्यपूर्ण र तर्कपूर्ण सोच्न सक्ने र चौथो अवस्थामा सोच्न, तर्क गर्न र विषलेश्ण गर्न समेत सक्षम हुने पियाजेको शिद्धान्तले वताउदछ (शर्मा एण्ड शर्मा, २०६७) ।

कुनै पनि सिक्ने प्रकृयामा वालकलाई उपयुक्त वातवरण र स्वतन्त्रताको आवस्यकता हुन्छ । हाल हाम्रो विद्यालय तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमले यिनै कुरालाई मुख्य आधार मानेको छ । ज्ञानका लागि क्रियाकलाप अति आवस्यक हुन्छ भने क्रियाकलापको लागि विभिन्न सामग्रीको आवस्यकता पर्दछ (शर्मा एण्ड शर्मा, २०६७) ।

भिगोत्स्कीको सिकाइ सिद्धान्त सामाजिक निर्माण ,सामाजिक संरचना ,सामाजिक क्रियाकलाप , सामाजिक मूल्य र मान्यता तथा समष्ठिमा भन्दा सामाजिक संरचनामा आधारित छ । यस सिद्धान्तले विषयगततालाई वदी जोड दिन्छ र वस्तुगततालाई नकारदछ, (शर्मा एण्ड शर्मा, २०६७) ।

यस सिद्धान्तले वालवालिकाको स्वस्फूर्त सृजनामा आधारित छ । यसले वस्तुगत पक्षलाई नकार्दै सिकाइलाई पूर्ण विषयगत प्रक्रिया रूपमा परिभाषित गर्दछ । शिक्षण विधिमा शिक्षकले सहयोगिको भुमिका निर्वाह गर्दछ भने विद्यार्थी विद्यार्थीका विचमा सहयोग पूर्ण अन्तरक्रिया हुने गर्दछ । शिक्षकले नमुना वनेर देखाउदछ र त्यही नमुना सिकाइका आधारमा विद्यार्थीले आफ्ना समस्या समाधान गर्दछ ।

भिगोत्स्किका अनुसार प्रत्येक व्यक्तिका व्यक्तिगत मूल्य र मान्यता हुने गर्दछन, वालक जुन समाज र संस्कृति वाट हुकिएको छ त्यसै अनुसार सिकाइ सिक्दछ, सिकाइमा वातावरणले प्रत्यक्ष

प्रभाव पार्दछ, जुन परिपकतामा आधारित हुन्छ । सामाजिक अन्तरक्रियाले सिकाइमा ज्ञानात्मक पक्षको विकास गराउदछ, सिकारूलाई सिकाइको अवसर दिनु पर्दछ र वादविवाद तथा सहमति द्धारा उतम सिकाइको छनोट गर्नु नै सिकाइ हो (शर्मा एण्ड शर्मा, २०६७) ।


वालवालिकाको सिकाई जान्नको लागि मात्र नभइ व्यवहार प्रयोग गर्न सक्ने हुनुपर्दछ । उनीहरूलाई सहयोगको वातावरण तयार गरी  आफै समस्या समाधान गर्न सक्ने सिपको विकास गराउन सक्नु पर्दछ । उनिहरूलाई समस्याको वातावरण सिर्जना गरी  विषय वस्तु अनुसारका आवस्यक पर्ने शैक्षिक सामग्री जुटाएर शिक्षण क्रियाकलापमा प्रयोग गर्न सक्ने वातावरण मिलाई समस्या समाधान गर्न जोड दिनु पर्दछ । यस प्रकारको क्रियाकलापमा चाहिने शैक्षिक सामाग्री आयात गरेर मात्र संभव नहुने र स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सामग्रीले वालवालिकाको वयवहार निर्माण गरी  नयाा धारणाको विकास गर्न सरल हुने भएकाले सामाजिक विषयको अध्ययनमा स्थानीय शैक्षिक सामाग्रीको उपयोगलाई जोड दिनु पर्दछ ।

२.३ पुनारावलोकनको उपदेयता

यस अध्ययनमा अनुसंधान कर्ताले अगाडि सारेको समस्या विद्यालय तहको सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको संभाव्यतामा वातावरवणमा पाइने स्थानीय शैक्षिक सामग्रीको अवस्था, प्रयोग सम्वनिध समस्या र समाधानका लागि अपनाइएका उपाय पत्ता लगाउन र स्थानीय वातवरणले सहयोग पुर्याउने संभावित सामग्री के कस्ता रहेका छन ? भनी हाल सम्म भए गरेका अध्ययन अनुसंधानले गरेका कार्य र वर्तमान समयमा देखिएका समस्या पत्ता लगाइ अध्ययन कार्य गरी ने छ । सम्वन्धित साहित्यको पुनरावलोकनबाट मुख्य रूपमा उठान भएका विषय वस्तु, शैक्षिक सामग्री प्रयोगको आवश्यकता र कम प्रयोग भएका कारणले सामाजिक अध्ययनले दिन खोजेको व्यवहारिक ज्ञान हासिल हुन नसकि रहेको वर्तमान अवस्थामा यस अध्ययनलाई स्थानीय शैक्षिक सामग्रीको पहिचान, प्रयोग गर्न, समस्याको पहिचान गर्न र सुधारका उपाय पहिचान गर्न सहयोग पुग्ने छ ।

अवधारणात्मक ढाँचा

यो अध्ययन कार्य सिकाइका विभिन्न सिद्धान्त मध्ये निर्माणवादी सिकाइको सिद्धान्तमा आधारित भइ अगाडि वढाउनका लागि यस शैद्धान्तिक दाँचाले सहयोग पुग्ने छ ।सामाजिक विषयले विशेष गरी समाज त्यसमा भएका विभिन्न सामाजिक संरचनाहरूको विषय वस्तुलाई उठान गर्ने भएकाले निर्माणवादी सिद्धान्तले पनि तिनै विषय वस्तु, सिकाइ प्रक्रिया पहिचान गर्न सहयोग पुग्दछ । समग्रमा भन्दा सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक दाँचालाई अध्ययन गर्दा निम्न अवधारानात्मक दाँचा तयार गर्न सहयोग पुग्दछ ।



# अध्याय तीन : अध्ययन विधि

कुनै पनि अनुसन्धानका लागि उचित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । योजना तथा तयारी विना अध्ययन कार्यलाई निश्चित लक्ष्यमा पुऱ्याउन सकिदैन । त्यसैले यस शोध कार्यलाई पूरा गर्नको लागि निम्न परिधी भित्र रही पुरा गरीएकोछ ।

३.१ अनुसन्धान ढाचा

गुणात्मक अनुसंधान भन्नाले व्याख्यात्मक सूचनात्मक तथा तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण र निकर्ष प्राप्त गर्न उपयोग गर्ने विधि हो । यसमा सूचना संकलनका लागि मुख्यतया अन्तरवार्ता, अवलोकन र लिखित दस्तावेजको अध्ययन गरीने भएकाले यस शोध कार्य पुरा गर्न वर्णानात्मक ढाचाको प्रयोग गरीएकोछ ।

३.२ जनसङ्ख्या र नमुना

यस शोध कार्यलाई पुरा गर्नका लागि मोरङ जिल्लाको सुकुना स्रोत केन्द्र भित्र रहेका ५३ वटा सामुदायिक विद्यालयमा रहेका प्रधानाध्यापक, विषय शिक्षक र विद्यार्थीहरुलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

अध्ययनको जनसंख्या मध्ये ४ वटा मात्र सामुदायिक विद्यालय कोसी हरैंचा न.पा.राजमार्ग उतर नजिक पर्ने मा.वि.– १, प्रा.वि.– १ तथा सुन्दरदुलारी न. पा. मा राजमार्ग दक्षिण नजिक पर्ने १-१ वटा मा.वि. र प्रा.वि तहका विद्यालयलाई छनोट गरीएकोछ ।

३.३ छनोट विधि

यस अध्ययन कार्यलाई पूरा गर्नका लागि छनोटमा परेका विद्यालयबाट उद्देश्य परिपूर्तिका आधारमा ४ वटा सामुदायिक विद्यालयका प्र.अ. तथा मा. वि.र प्रा.वि.तहमा कक्षा ५ मा सामाजिक विषय पढाउने शिक्षकलाई छनोट गरीएकोछ भने विद्यार्थीहरूलाई संयोग नमुना छनोट विधिको प्रयोग गर्दा कक्षामा भएका विद्यार्थीहरू मध्ये जोसुकै विद्यार्थी छनोट भएता पनि खासै फरक नपर्ने भएकाले संयोग नमुना छनोट विधि अन्तर्गत चिठ्ठा प्रयोग गरी ३/३ जना छात्र/छात्रा जम्मा ६ जना प्रत्येक विद्यालयबाट समावेश गराईएको छ ।

३.४ तथ्याङ्को स्रोत

शोध कार्यका लगि आवश्यक सूचना संकलन गर्नका लागि प्राथमिक र द्धितिय दुवै स्रोतको उपयोग गरीएकोछ । प्राथमिक स्रोतका रुपमा अध्ययन कर्ता स्वयम्ले विषय शिक्षक प्र.अ. र विद्यार्थीबाट प्राप्त हुने सूचना र द्धितिय स्रोतका रुपमा अध्ययनको विषयसाग सम्वन्धीत पुराना शोध, प्रतिवेदन, प्रा.वि. तहको पाठ्यक्रम, पुस्तक, शिक्षक निर्देशिकाक तथ्याङ्कको स्रोतको रुपमा प्रयोग गरीएकोछ ।

३.५ अध्ययनका साधन

यस शोधकार्यलाई पुरा गर्नको लागि आवश्यक सूचना सङ्कलन गर्न नमुना छनोटमा परेका प्र.अ. लागि प्रश्नावली, विषय शिक्षकका लागि अन्तवार्ता प्रश्नावली, विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका र अध्ययकर्ता स्वयम आफैले अवलोकन फारमको प्रयोग (अनुसूची) गरी सूचना संकलन गरीएकोछ ।

अध्ययनसाग सम्वन्धित सूचना संकलन गर्न तयार परिने सूचना संकलनका साधनहरु अन्तरवार्ता प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका, प्रश्नावली र अवलोकन फारम सहपाठी साथीसाग छलफल, शोध निर्देशक, विभागीय प्रमुख, विषय शिक्षकको राय, सल्लाह सुझाव अनुसार अन्तिम रुप दिई सूचना संकलनका साधनले वैधता प्राप्त गरेपछि मात्र सूचना संकलन गर्नको लागि ती साधनलाई उपयोग गरीएकोछ ।

३.६ सूचना सङ्कलन विधि

शोधसाग सम्वन्धित सूचना संकलन गर्नका लागि शोधकर्ता स्वयमले विषय शिक्षकसाग अन्तर्वाता, प्र.अ. लाई प्रश्नावली, विद्यार्थीसाग लक्षित समूह छलफल निर्देशिका को प्रयोग गरी आवश्यक सूचना टिपोट गर्ने र अवलोकन फारमको प्रयोग स्वयम् आफैले गरी आवश्यक सूचना संकलन गरीएकोछ ।

३.७ तथ्याङ्क विश्लेषण विधि

यो अध्ययनमा सङ्कलित सूचनालाई तथ्याङ्कीय रुपबाट तालिकामा देखाइ गुणात्मक तथा संख्यात्मक रुपबाट व्याख्या विश्लेषण गरीएकोछ । यासमा संकलन गरीएका प्राथमिक तथ्याङ्कहरूलाई वर्णात्मक तथा व्याख्यात्मक रुपबाट व्याख्या विश्लेषण गरीएकोछ ।

# अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनमा संकलन गरी एका कुराहरूलाई व्यवस्थित र स्पष्टता गर्नका लागि वर्णनात्मक र परिमाणात्माक विधि प्रयोग गरीएकोछ । यसरी यी विवरण र परिमाणहरूलाई सर्वप्रथम सूचनाहरूको प्रकृति अनुसार वर्गिकरण गरीएकोछ । वर्गिकरण अनुसार तथ्याङ्कलाई परिमाणात्मक विधिको प्रयोग गरी तालिकामा राखिएको छ । यसरी तथ्याङ्कलाई तालिकिकरण गरेपछि तालिकाका आधारमा वर्णात्मक विश्लेषण गरीएकोछ । यसरी प्राप्त सूचनाहरूलाई विश्लेषण र व्याख्या गर्ने कममा नीति नियमावली र पाठ्यकमलाई आधार मानिएको छ ।

## ४.१ प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था ।

प्राथमिक शिक्षा पाठ्यकंम (२०६५) का अनुसार सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोग गरी सामाजिक र भौतिक वातावरण प्रति विषय वस्तुको ज्ञान , सीप र अभिवृति र रूचि जगाई बालबालिकाहरूको सिकाइलाई रोजगार उन्मुख र असल नागरी क बनाउन सक्नुपर्छ भन्ने धारणा प्रस्तुत गर्दछ । त्यसै गरी सेरिड (२०५९) ले स्थानीय शैक्षिक सामग्री त्यस्तो शैक्षिक सामग्री हो जसले कुनै पनि सरल सहज तरिकाबाट बुझ्न र व्यवहारमा ल्याउन कच्चा पर्दाथलाई विषय वस्तुको मर्म अनुरूप रूपान्तरण गरी शिक्षण सिकाइलाई प्रभावकारी , गुणस्तरिय र जीवन उपयोगी वनाउन सहयोग पुग्दछ ।

अध्ययन क्षेत्रको नमुना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थीहरूले स्थानीय शैक्षिक सामग्री भनेको के हो र यी कस्ता हुन्छन भनि गरीएको प्रश्नका सम्वन्धमा व्यक्त गरेका विचार धारणालाई निम्नअनुसार तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरीएको छ ।

तालिका १: स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था वारेमा सरोकार वालाको धारणा

| प्र. अ. बाट प्राप्त प्रतिक्रिया | शिक्षकबाट प्राप्त प्रतिक्रिया | विद्यार्थीबाट प्राप्त प्रतिक्रिया |
|---|---|---|
| विद्यालय भित्र र बाहिरको वातावरणबाट शिकाइकालागि प्रयोग हुने सामग्रीहरू | शिक्षण सिकाइका लागि वातावरणवाट प्रयोगमा ल्याइने वस्तु | गाँउमा पाइने ढुङ्गा माटो र काठबाट वनेका सामग्री |
| कम मूल्यका मूल्य विनाका स्थानीय वातावरणमा पाइने सामग्री | विद्यार्थीको सिकाइ धारणा वलियो बनाउन प्रयोग गर्ने स्थानीय स्रोतका सामग्री | पठ पढाउदा शिक्षकले प्रयोग गर्ने चित्र |
| प्र अ , शिक्षक , विद्यार्थीको संयुक्त प्रयासमा निर्माण गरी दा प्रयोग गर्ने सामग्री | वतावरणमा पाइने वस्तुबाट शिक्षक र विद्यार्थीबाट निमित सामग्री | कहिले काही हामी आफैले वनाएर ल्याएका सामान |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।*

माथिको तालिका नं. ४.१ लाई विश्लेषण गर्दा स्थानीय शैक्षिक सामग्री भन्नाले शिक्षण सिकाइका लागि वातावरणमा पाइने संपूर्ण चिज वा वस्तु जुन विषय वस्तु अनुसार उपयोगी र प्रभावकारी उपयोगमा ल्याउन सकिन्छ त्यसता वस्तुहरू स्थानीय शैक्षिक सामग्री हुन भन्ने  कुरा शिक्षकहरूको जबाफमा पइयो । विद्यार्थीको सिकाइ धारणालाइ वलियो वनाउन अर्थपूर्ण सिकाइलाई सहयोग पु-याउने वातावरणमा पाइने चिरपरिचित शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित सामग्रीहरू स्थानीय शैक्षिक सामग्री हुन भन्ने धारणा शिक्षकहरूबाट पाइयो ।

स्थानीय शैक्षिक सामग्री भन्नाले विद्यालय सेवा क्षेत्र भित्र र बाहिरको वातावरणवाट उपलब्ध गराउन सकिने वा गराइएका सामग्री जुन वालवालिकाको सिकाइका लागि प्रयोग गरी न्छ । ती सामग्री कम मूल्य वा मूल्य विनाका वस्तुबाट संकलन गरी अर्थपूर्ण सिकाइ वातावरण तयार गरी न्छ भन्ने कुराको जवाफ सहितको धारणा प्रधानाध्यापकको पाइयो ।

विद्यार्थीबाट प्राप्त प्रतिक्रिया अनुसार ढुङ्गा काठ, माटो र अन्य कच्चा पदार्थबाट वनाइएका वस्तुहरू स्थानीय शैक्षिक सामग्री हुन भन्ने धारणा पाइयो । शिक्षकले कहिलेकाहि कक्षाकाठामा पढाउदा गाउघरमा पाइने वस्तुका सामग्री ल्याएर प्रयोग गर्ने गरेकाले गाउँमा पाइने

सामग्री पनि स्थानीय शैक्षिक सामग्री हुन भन्ने जवाफ दिएका थिए । शिक्षकले शिक्षण गर्दा कहिलेकाहि चित्र चार्ट प्रयोग गर्ने गरेको र कहिलेकाहि माटोका मूर्ति वनाएर ल्याउन र चित्र कोर्न लगाएको वताएका थिए । यी धारणाबाट विद्यार्थीहरूले स्थानीय शैक्षिक सामग्रीलाई विभिन्न अर्थमा लिएको पाइन्छ । शिक्षकले गरेका क्रियाकलापको आधारमा विद्यार्थीले दिएको प्रतिक्रियाबाट के स्पष्ट हुन्छ भने स्थानीय शैक्षिक सामग्री चिरपरिचीत भएका कारणले विभिन्न वस्तुको नाम वताउन सकेको पाइयो ।

### ४.२ स्थानीय शैक्षिक सामग्रीका प्रकार र तिनको प्रयोग

प्राथमिक तहको सामाजिक विषयको पाठ्यक्रमद्धारा निदृष्ट विषयवस्तु अनुसारका स्थानीय शैक्षिक सामग्रीका प्रकारहरू तिनको प्रयोग सम्वन्धमा शिक्षकले राम्रो सुझवुझ गरेरमात्र प्रयोग गर्नु पर्दछ । सामाजिक अध्ययन विषयको शिक्षणमा शिक्षकले प्रयोग गर्न सक्ने विभिन्न प्रकारका सामग्री मध्ये निम्न प्रकारका स्थानीय शैक्षिक सामग्रीहरूको वारेमा नमुना जनसंख्यामा परेका विद्यालय, विद्यार्थी, प्र.अ. र शिक्षकबाट सूचना संकलन गरीएको थियो ।

#### ४.२.१ वातावरणमा पाइने प्रकृतिक स्थानीय शैक्षिक सामग्री

प्रभावकारी शिक्षण सिकाइ गर्नका लागि पूर्व सेवाकालिन, सेवाकालिन र पूनर्ताजगि शिक्षक तालिमबाट शिक्षकमा कमि भएको ज्ञान, सिप र अभिवृद्दि पूरा गर्ने काम गरीएकोछ । उक्त तालिम पश्चात शिक्षण सिकाइलाई जीवन्त र व्यवहारिक वनाउन शिक्षकले विषय वस्तु अनुसारका चाहिएका सामग्रीहरू निर्माण संकलन गरी प्रयोग गर्ने अपेक्षा गरीएकोछ, (शै.ज.वि. के. २०५५) ।

सिकाइ मनोविज्ञानका क्षेत्रमा मानसिक प्रक्रियाका क्षेत्रमा मानसिक प्रक्रियाको रूपमा देखा परेको मानसिक सिद्धान्तलाई निर्माणवादी सिकाइ सिद्धान्त भनिन्छ । सिकाइका वर्तमान अवस्थामा भएको सिकाइ अनुभवहरूले नयाँ ज्ञानको निर्माण गर्दछ र सिकारूले नयाँ सिकाइ सिकदछ भन्ने यस सिद्धान्तको आश्य हो । निर्माणवादका पक्षमा कान्ट, डिवे, पियाजे, भिगोस्की लगाएतका दार्शनिकले उल्लेख गरेका छन (शर्मा एण्ड शर्मा, २०६७) । प्राथमिक तहको सामाजिक विषयको पाठ्यक्रममा समावेश गरेका विषय वस्तु पनि माथि उल्लेख गरी एका नीति र सिद्धान्तमा आधारित छन । ती विषय वस्तुलाई स्पष्ट पार्न एकै प्रकारका साधन र स्रोतबाट संभव छैन । त्यसका लागि स्थानीय वातावरणले सहयोग पुऱ्याउने विभिन्न प्रकारका सामग्रीको प्रयोग, निर्माण र संकलन हुनु आवस्यक देखिन्छ ।

प्राथमिक पाठ्यक्रम दिग्दर्शन (२०५७) ले सामाजिक अध्ययन विषयको शिक्षणमा वास्तविक वस्तु प्रत्यक्ष अवलोकन अनुभव र विषयवस्तु अनुकुलको योजना विधि अपनाएर शिक्षण सिकाइ गर्न जोड दिइएको छ । विषयवस्तुको धारणालाई स्पष्ट रुपमा विद्यार्थी सामुपुऱ्याउन सरल प्रभावकारी शैशिक सामग्रीको उचित प्रयोग गर्न अभिप्रेरित गरीएकोछ । वालवालिकालाई प्राकृतिक विषय वस्तुप्रति रुचि जगाउन र त्यस्ता विषय वस्तुको प्रत्क्षय अवलोकन र अनुभव गर्न सक्ने वातावरण वनाई शिक्षण गर्नु पर्ने कुरा उल्लेख छ । पुनः प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ मा पनि माथिका विषयहरूमा जोड दिदै उल्लेख गरीएकोविषयवस्तुको आधारमा पाइने प्राकृतिक विषयवस्तुको क्षेत्र हाम्रो पृथ्वीमा समावेश गरी एका प्राकृतिक स्थानीय शैक्षिक सामग्रीहरू निम्न छन ।

- भौगोलिक प्रदेशः हिमाल, पहाड र तराइ
- माटोः हिमाली माटोको वनावट, पहाडी माटोको बनावट र तराइको माटोको बनावछ
- हावापानीः हिमाली प्रदेशको हावापानी, पहाडी प्रदेशको हावापानी र तराइ प्रदेशको हावापानी
- वनस्पतीः सदावहार वनस्पती ,पतझर वनसपती र कोणधारी वनस्पती
- प्रकृतिक सम्पदाः ताल, झरना, नदी गुफा, चट्टान र खनिज वस्तुहरू
- कृषिउतपादनका क्षेत्रहरूः खेती योग्य जमिन
- जनावरः जंगली, घरपालुवा आदि ।

माथि उल्लेखित प्राकृतिक वस्तुहरूलाई स्थानीय शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्नु पर्ने कुरा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) को विषयवस्तुको विस्तृतिकरणमा उल्लेख गरीएकोछ । उक्त उल्लेख गरी एअनुसारको सामग्री प्रयोग गर्ने व्यवस्था एउटा योग्य शिक्षकको कर्तव्य हुन आउछ ।

यसर्थ माथिका आधारमा  प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले उल्लेख बमोजिम प्राथमिक तहको सामाजिक पिषयको शिक्षणमा सिकाइमा` कस्ता प्राकृतिक स्थानीय सामग्रीहरू प्रयोग गर्नु हुन्छ ? भनि सोधिएको प्रश्नमा शिक्षक विद्यार्थीले दिएको प्रतिक्रिया र अवलोकनकर्ताले अवलोकनबाट प्राप्त गरेको सूचनालाई निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका २: वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री

| विवरण | संख्या | प्रयोगकको अवस्था |
|---|---|---|
| नदी | ४ | उदाहरण दिएर |
| ताल | ४ | उदाहरण भनेर |
| माटो | ४ | देखाएर |
| वनस्पति | ४ | उदाहरण भनेर |
| ढुङ्गा | ४ | उदाहरण देखाएर |
| गुफा | ४ | उदाहरण दिएर |
| हावापानी | ४ | तातो र चिसो उदाहरण भनेर |
| हिमाल | २ | चित्र वनाएर |
| पहाड | २ | कहिलेकाहि चित्र वनाएर |
| तराइ | ४ | स्थलगत भ्रमण |
| खोला | २ | स्थलगत भ्रमण |
| जंगल | ४ | उदाहरण दिएर |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

नोट: माथि उल्लेखित संख्याले वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक संख्या जनाउछ ।

उल्लेखित तालिकाले के स्पष्ट पार्दछ भने वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्रीले सहयोग पुऱ्याउने विषय वस्तु मध्ये नदी, जंगल,हावापानी,गुफा,वनस्पति र ताल उदाहरण

दिएर शिक्षण गरेको पाइयो, चित्र वनाएर प्रयोग गर्ने गरेको पहाड र हिमाल चित्र र उदाहरण दिएर शिक्षण गर्ने गरेको पाइयो । तराइ, खोला जस्ता प्राकृतिक स्रोतलाई स्थलगत भ्रमण गरी उपयोग गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने स्थानीय शैक्षिक सामग्रीको खोजी गरी विषयवस्तुलाई टेवा पुऱ्याउन शिक्षकमा ज्ञान र सिप भएपनि प्रभवकारी ढंगले संचालन गर्न नसकेका कारणले प्रभावकारी ढंगवाट वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री प्रयोग कम भएको पाइयो ।

४.२.२ वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था

सामाजिक अध्ययन विषय मानव सम्वन्धवारे अध्ययन गर्ने विषय हो । हरेक वालवालिका समाजका धेरै पक्षसाग सम्वन्धीत हुन्छन । यी विभिन्न पक्षहरू कसरी संचालन हुन्छन भन्ने कुरामा शिक्षकको भूमिका अहम रहेको हुन्छ । एक व्यक्तिको अर्को व्यक्तिसागको सम्वन्ध , भौतिक र सामाजिक वातावरणको अन्तक्रिया हादा मानवका लागि आवश्यक पर्ने विभिन्न वस्तु मानवलेनै निर्माण गरेको हुन्छ । त्यस्ता निर्माण गरी एका वस्तुहरू वालवलिकाको सिकाइमा प्रयोग गरीएकोखण्डमा सिकाइ प्रभावकारी हुन्छ । यही अवधारणका साथ सामाजिक विषयमा समावेश गरी एका विषयवस्तु सामाजिक क्रियाकलापमा आधारित छन । यस्ता विषयवस्तुलाइ व्याख्यान विधिवाट शिक्षण गर्दा सिकाइ प्रभावकारी नहुन सक्छ । त्यसका लागि ती मानव निर्मित वस्तुहरू समाजभित्रै यतत्र छरिएर रहेका छन, तिनलाइनै स्थानीय शैक्षिक सामग्रीका रुपमा प्रयोग गर्न सकियो भने गुणस्तरिय शिक्षण सिकाइ गर्न सकिन्छ भन्ने धारणा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले लिएको छ । पाठ्यक्रमले समावेश गरेका विषयवस्तुमा मानव निर्मित स्थानीय शैक्षिक सामग्रीलाई निम्न अनुसार प्रयोग गर्न सकिने कुरा उल्लेख गरीएको छ ।

- छरछिमेकका कामः कृषि, उधोग, व्यापार, नोकरी
- सामुहिक कामः विवाह, व्रतबन्ध, सार्वजनिक स्थल (बाटो, चौतारो, कुलो) निर्माण
- हाम्रो परम्परा सामाजिक मूल्य र मान्यताः परम्परागत चलन, भाषा, धर्म, भेषभूषा, चाडपर्व, जात्रा, मेला
- सामाजिक समस्या र समाधानमा सहयोगी संस्थाः लागुपदार्थ र मादकपदार्थ सेवन, चोरी डकैती, वाहृय सस्कृति, सामाजिक विकृति, सरकारी तथा गैर सरकारी संघसस्था गा.वि.स./न.पा./वडा कार्यालय/ जि.वि.स./स्थानीय क्लव/आमा समूह, स्काउट, रेडक्रस

- नगरीक चेतनाः नागरी क अधिकार र नागरी क चेतना सम्वन्धी
- राष्ट्रिय सम्पदाः विद्युत् सिचाइ , वृक्षारोपण , वााध , निकुञ्ज
- सामाजिक नियमः जात्रा, पर्व, मेला, ऐचोपैचो गुठी
- हाम्रो विगतः ऐतिहासिक व्यक्ति र वस्तुहरूको खोजी र संरक्षण
- हाम्रो आर्थिक क्रियाकलाप जिल्ला भित्रका व्यक्तिले गर्ने पेशाा सम्बन्धी काम खेतीपाती, मजदुर

तालिका ३ः वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था

| विवरण | सङ्ख्या | प्रयोगको तरिका |
|---|---|---|
| क) सरकारी संङ्घ संस्था | | |
| स्वास्थ्य चौकी/अस्पताल | २ | स्थलगत भ्रमण गराएर, चित्र |
| हुलाक टेलिकम कार्यालय | १ | व्याख्या |
| गा.वि.स न.पा., वडा कार्यालय | १ | प्रत्यक्ष ठाउ देखाएर |
| प्रहरी चौकि | १ | प्रत्यक्ष ठाउ देखाएर |
| ख) गैह सरकारी संस्था | | |
| विद्यालय | ४ | आफ्नै विद्यालय देखाएर |
| कृषि कार्यालय, क्लवहरु | ० | – |
| सहकारी संस्था | १ | स्थलगत भ्रमण |
| रेडक्रस | १ | समूह गठन गराएर |
| स्काउट | ३ | समूह गठन गराएर |

| | | |
|---|---|---|
| राजनैतिक पाटिका कार्यालय | ० | – |
| सडक, यातायात | ३ | चित्र वनाएर , देखाएर |
| धार्मिक स्थल | १ | चित्र वनाएर |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।*

नोटः माथि उल्लेखित संख्याले वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक संख्या जनाउछ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) लाई आधार मानि स्थलगत सर्वेक्षण गर्दा वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोग हुने विषयवस्तु मध्ये सरकारी संस्था स्वास्थ्य चौकी र अस्पताल २ जना, स्काउट सडक र बाटोघाटो ३ (तीन) जनाले प्रयोग गरीएकोपाइयो । हुलाक, टेलिकमको कार्यालय गा.वि.स. ⁄ न.पा. ⁄ वडा कार्यालय सहकारी संस्था र धार्मिक स्थल (१ एक) जनाले मात्र प्रयोग गरेको पाइयो । कृषि कार्यालय, क्लव, राजनीतिक पाटीका कार्यालयका वारेमा कसैले पनि कुनै किसिमका स्थानीय शैक्षिक सामग्रीको प्रयोग नगरी व्याख्यानन विधिको प्रयोग गरेको पाइयो । यसर्थ यसरी हेर्दा स्थलगत सर्वेक्षणमा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले तोके अनुसार मानव निर्मित स्थानीय शैक्षिक सामग्रीको उपयोग कम भएको पाइयो । विषयवस्तु अनुसारका सामग्रीहरू स्थानीय स्तरमा हुदाहुदैपनि ती वस्तुको प्रयोग नभईदिनाले शैक्षिक गुणस्तरमा कमि आएको देखिन्छ ।

### ४.२.३ वातावरणमा पाइने मानविय स्रोतहरू

शिक्षण सिकाइलाई प्रभावकारी वनाउन र कक्षा कोठाको शिक्षणलाई गतिशिलता प्रदान गर्न स्थानीय शैक्षिक सामग्रीको रुपमा मानवस्रोत (स्रोत व्यक्ति) ले महत्वपूर्ण भूमिका खेल्दछ । यस सम्वन्धमा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले समावेश गरेका विषयवस्तुको धाराणालाई स्पष्ट रुपमा विद्यार्थीलाई बुझाउन स्थानीय वातावरणमा विगतमा समाजका लागि कृती राखेका समाजलाई योगदान पुऱ्याएका व्यक्तिको वरेमा चिनारी दिन सक्ने विभिन्न पेशमा समावेश भएर आ^नो क्षेत्रबाट समाज राष्ट्रको उन्नती र भलाई काम गर्ने व्यक्तिहरू (शिक्षक , डाक्टार , इन्जिनियर ,परोपकारी समाजसेवी विद्धावान प्रधानाध्यापक राजनीतिज्ञ कृषक ,सिकर्मी , डकर्मी आदि।) जस्ता स्रोत व्यक्तिलाई स्थानीय रुपमा प्रयोग गर्न सकिने गरी उल्लेख गरीएको छ । यी मानविय स्रोतका विषयवस्तु नाम मात्र बताउदा त्यति प्रभावकारी नहुने तर त्यसता व्यक्तिलाई प्रत्यक्ष समावेस गरी पढाउदा स्थानीय स्तरमा भएका मानविय स्रोत शैक्षिक सामग्रीको रुपमा प्रयोग

गर्न सकिने आाधार पाठ्यक्रम विषयवस्तुको विस्तृतिकरणमा उल्लेख गरीएकोछ । सामाजिक विषयलाई प्रभावकारी रुपमा शिक्षण गर्न कस्ता कस्ता मानविय स्रोतको उपयोग गर्नु हुन्छ भनि सोधिएको प्रश्नमा प्र.अ.शिक्षकको विद्यार्थीको प्रतिक्रया र अवलोकनबाट प्राप्त सूचनालाई निम्न तालिकामा उल्लेख गरीएकोछ ।

तलिका ४: स्थानीय मानविय स्रोतको उपयोग

| विवरण | संङ्ख्या | प्रयोग गर्ने तरिका | |
|---|---|---|---|
| | | फोटो/चित्र देखाएर | उदाहरण दिएर |
| डाक्टर | ४ | | ✓ |
| शिक्षक | ४ | प्रत्यक्ष | |
| वकिल | ३ | | ✓ |
| सिकर्मी | ३ | ✓ | |
| डकर्मी | २ | ✓ | |
| पथ प्रदर्शक | ३ | | ✓ |
| गायक /गायिका | ४ | | ✓ |
| समाजसेवी | २ | | ✓ |
| शिक्षा प्रेमी | ३ | | ✓ |
| सेना / प्रहरी | ३ | ✓ | |
| सवारी चालक | ३ | | ✓ |
| नर्स | ३ | ✓ | |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।*

नोट : माथि उल्लेखित संख्याले वातावरणमा पाइने मानविय स्रोतको रुपमा  प्रयोग गर्ने शिक्षक संख्या जनाउछ ।

माथि उल्लेख गरीएकोतालिका अनुसार सामाजिक विषय शिक्षण गर्दा चित्रको उपगयोग कम र उनीहरुले मानविय स्रोतको उपयोग वारेमा व्याख्याको प्रयोग बढिमात्र गरेको पाइयो । डाक्टर, गायक /गायिकाका वारेमा शिक्षण गर्दा व्याख्याका माध्यमबाट उधारहण दिइएको पाइयो । शिक्षक आफै भएकाले आफू र अन्य साथीको उधारहण दिएको पाइयो । कक्षामा किताबमा भएकै फोटो तथा चित्र देखायर सिकर्मी,डकर्मी,सेना,प्रहरी नर्सका वारेमा शिक्षण गर्ने गरेको पाइयो भने पथ प्रदर्शक,वकिल,समाजसेवी,शिक्षा प्रेमी र सवारी चालकका वारेमा शिक्षण गर्दा उधारहण दिइ शिक्षण गर्ने गरेको पाइयो  । यसको ठाउमा उनीहरूलाई कक्षा कोठामा आमन्त्रण गरेर शिक्षण गरेको खण्डमा वढी प्रभावकारी हुने थियो । यसबाट के स्पष्ट हुन्छ भने प्रा.शि.पा. २०६५ ले राखेका विषयवस्तुका धारण अनुरुपका मानव समाजबाट सामाजिक अध्ययनको शिक्षणमा आवस्यक पर्ने मानविय स्रोतका विषयवस्तुहरु अनुसारका छन छैनन् भन्ने विषयमा पूर्व योजना नै नभएको र त्यस्ता स्रोतहरुको खोजीको अभाव रहेको देखिन्छ । सामाजिक विषयले समाजका सम्पूर्ण गतिविधिसँाग सम्वन्ध राख्ने भएकाले त्यस्ता गतिविधि भित्र रहेका मानविय स्रोतका सामाग्रीहरुलाई प्रयोग गर्न सक्नु प्रभावकारी शिक्षण सिकाई गर्नु हो तर पाठ्यत्र

ऋमले तोके अनुसार स्थलगत सर्बेक्षणमा मानविय स्रोतको उपयोग शैक्षिक सामग्रीको रुपमा कम भएको पाइयो ।

४.२.४  शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री

स्थानीय शैक्षिक सामग्री विकास निर्माण र प्रयोगमा शिक्षक विद्यार्थी दुवैको महत्वपूर्ण भूमिका रहेको हुन्छ यसका निम्ति स्थानीय शैक्षिक सामग्री निर्माण  सम्वन्धीतालिम शिक्षकलाई दिनु आवस्यक रहेको हुन्छ । विद्यालयले आ^नो सेरोफेरो समुदाय र क्षेत्र भित्रका दैनिक जीवनमा प्रभाव पार्ने सामाग्रीहरुलाई विषयवस्तुको धारणा स्पस्ट पार्ने गरी  चाहिएको सामग्री निर्माण संङ्कलन गर्न शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा तयार गर्नु पर्दछ । सामान्य वस्तुका स्थानीय सामग्रीहरुलाई प्राथमिक पाठ्यक्रम दिग्दर्शन (२०५७) ले निम्नलिखित कुराहरु उल्लेख गरेको छ । चित्र, शव्दावली, नमुना, संङ्कलन गरी एका वस्तु र प्रत्यक्ष रुपमा देखाइने वस्तु ।

माथि उल्लेखित सामग्रीहरु शिक्षक एक्लैले वा विद्यार्थीको सहयोगले वा संयुक्त प्रयासमा विषयवस्तुको आधारमा स्थानीय वातावरणमा पाइने चिज वा वस्तुलाई प्रयोग गरी शिक्षण सिकालाई चाहिने उपयुक्त स्थानीय शैक्षिक सामग्री निर्माण गर्न सक्नु पर्दछ जसले गर्दा विद्यार्थीले छोएर, हेरेर र गरेर ज्ञान सीप र अभिवृद्धि हासिल गर्ने अवसर पाउछन् । यस्तो अवसर व्यवहारिक वन्न सक्छ त्यसैले स्थानीय शैक्षिक सामग्री निर्माणमा शिक्षक र विद्यार्थीको संयुक्त प्रयास हुनु पर्ने कुरा प्रा. शि. पा. (२०६५) मा उल्लेख गरीएकोछ । शिक्षक र विद्यार्थीका संयुक्त प्रयासमा कस्ता स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नु भएको छ भनी शिक्षक र विद्यार्थीलाई गरेको प्रश्नमा दिएको जवाफलाई निम्न तालिकामा देखाईएको छ ।

तलिका ५: शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्रीहरु

| विवरण | संङ्ख्या | प्रयोग गर्ने तरिका |
|---|---|---|
| कागजबाट | ३ | कागजका नमुना/चित्र वनाउन लगाएर |
| माटोबाट | ३ | विद्यार्थीलाई नमुना देखाई बनाउन लगाएर |
| कपडाबाट | १ | गुडिया वनाएर |
| काठ/बाासबाट | ० | |
| प्लास्टिकबाट | ० | |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

नोटः माथि उल्लेखित संख्याले शिक्षक विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक संख्या जनाउछ ।

माथिको तालिका अनुसार शिक्षक र विद्यार्थीको संयुक्त प्रयासबाट निर्मित स्थानीय शैक्षिक सामग्री मध्ये कागजबाट बनाईएका चित्र माटोबाट वनाईएका नमुना प्रयोग गरी  शिक्षण सिकाई गर्ने शिक्षकको संङ्ख्या ३ जना मात्र पाइयो भने बाास, प्लास्टिकबाट र काठ   बाट सामग्रीन नबनाएको पाइयो । कपडाबाट बनाइने सामग्रीहरु १जना विद्यालयका शिक्षकले शिक्षण गर्दा उपयोग

गरेको पाइयो यसर्थ के भन्न सकिन्छ भने सामाजिक विषय शिक्षण गर्दा जति बढी स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरी  शिक्षण गऱ्यो त्यतिनै विषयवस्तुलाई स्पस्ट पार्न सहयोग पुग्दछ र सिकारुहरु सिक्नलाई उत्सुक हुन्छन् । अध्ययन गरेको विद्यालयमा पाठ्यक्रमले तोके अनुसार स्थानीय शैक्षिक सामग्रीको प्रयोग जति हुानु पर्ने हो त्यति शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्माण नभएको पाइयो ।

### ४.३ स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा देखिएका समस्याहरु

प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षण सिकाई क्रियाकलापमा वालवालिकाहरुलाई समाजिक र भौतिक वातावरण प्रति रुचि जगाउन विषयवस्तुको ज्ञान सीप र अभिवृत्तिको विकास गराई रोजगार उन्मुख र सक्रिय नागरीकको जग वसाउने प्रमूख उद्देश्य लिइएको छ । प्रयोगात्मक शिक्षण प्रणालीलाई जोड दिदै विद्यार्थीहरु स्यंम्बाट समस्याको खोज र समाधानका उपायहरु पहिल्याई आˆनो विचार सीप दक्षता रुचि तथा खुसिका आधारमा व्यक्ति परिवार समुदायको विकास प्रति आकर्षित हुन र असल नागरीक वन्न सकुन भन्ने अपेक्षा गरीएको छ (प्रा.शि.प्रा.२०६५) । त्यसकारण स्थानीय शैक्षिक सामग्रीले एउटा चित्रले हजारौ शव्दलाई प्रतिनिधित्व गर्न सक्छ भन्ने उक्तिलाई अनुसरण गरी विषयवस्तुलाई मूर्त रुप दिन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ त्यसैगरी  सवै व्यक्ति शिक्षक वन्न सक्छन तर अशल शिक्षक सवै वन्न सक्दैनन् भन्ने उक्ति पनि आत्मसाथ गरी  शिक्षकले स्थानीय शैक्षिक सामग्री निर्माण, विकास र प्रयोग गर्न सक्नु पर्दछ । त्यसकारण एउटा शिक्षकले विद्यालय वरिपरी रहेको विद्यार्थीद्धारा परिचित कम मूल्यका सामग्री प्रयोग गर्दा प्रभावकारी शिक्षण हुन्छ तर शिक्षकको उत्तरदायित्वका कारणले गर्दा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा समस्या देखिएको छ । प्राथमिक तहमा सामाजिक विषय शिक्षण गर्दा स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या पहिचान गर्न कक्षा अवलोकन, अन्तरवार्ता प्रश्नावली, लक्षित समुह छलफलको उपयोग गरीएको थियो । जसबाट प्राप्त प्रतिक्रियालाई अलग अलग शीर्षकमा विश्लेषण र व्याख्या गरीएको छ ।

#### ४.३.१ स्थानीय शैक्षिक सामग्री निर्माण  सम्वन्धी तालिमको अभाव

तालिमले शिक्षकमा पूर्ण शुद्धिकरण गर्दछ । परिवर्तित समय संगसंगै शिक्षकलाई पुनःर्ताजगी गराउन तालिम अत्यन्त आवस्यक हुन जान्छ । स्थानीय शैक्षिक सामग्री सही ढंगले प्रयोग गरीदा प्रभावकारी शिक्षण सिकाई हुने कुरामा दुई मत रहदैन यस सन्दर्भमा शिक्षकलाई स्थानीय शैक्षिक सामग्री प्रयोगमा कस्ता कस्ता समस्या देखिएका छन भन्ने प्रश्नमा तालिमको अभावको कारण  सही

ढंगबाट स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको वताएका थिए । शिक्षकहरुले लिएका तालिमलाई निम्नानुसार तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका ६: आवस्यक तालिमको अभाव

| तलिमको किसिम | तालिमको अवस्था | संङ्ख्या |
|---|---|---|
| पूर्व सेवाकालिन तालिमा | लिइएको छ | ४ |
| सेवाकालिन तालिमा | बेलाबेलामा | ४ |
| स्थानीय शैक्षिक सामग्री प्रयोग सम्वन्धी छुट्टै तालिम | तालिम नलिएको | ० |
| अन्य | बेलाबेलामा | २ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

नोट : माथि उल्लेखित संख्याले तालिम लिएको शिक्षकको संख्या जनाउछ ।

माथि उल्लेखित तालिका अनुसार पूर्व सेवाकालीन तालिम चार वटै विद्यालयका शिक्षकहरुले लिएको पाइयोभने सेवाकालीन तालिमा सवै शिक्षकहरुले वेलावेलामा प्राप्त गरेको पाइयो तर स्थानीय शैक्षिक सामग्री निर्माण प्रयोग सम्वन्धी भनेर छुट्टै तालिम कुनै शिक्षकले नपाएको पाइयो । यसर्थ स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगको अभावमा शिक्षण सिकाई गर्न समस्या पैदा भएको वताएका थिए । स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्वन्धीज्ञान, सीप नहुदा स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या र्हेको पाइयो ।

नेपाल सरकारले शिक्षकहरुकालागि गरेको दक्षता अभिबृद्धि कार्यक्रमले पूर्ण तालिम प्राप्त शिक्षकहरुको संङ्ख्या देखाएता पनि गुणात्मक शिक्षण सिकाई नभएको र स्थानीय स्रोत साधनको पहिचान गरी शिक्षण सिकाईलाई प्रभावकारी वनाउनु भन्दा पनि सरकारले जे जति उपलव्ध गराएको छ त्यसैमा रहि काम गर्ने गरेको र पाठ्यक्रमले उल्लेख गरे अनुसारको सामग्री खोजि गरी शिक्षण गराउने तर्फ सक्रियता नभएको पाइयो।

४.३.२ स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा शिक्षकमा सीपको अभाव

स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्न एउटा शिक्षक योग्य र दक्ष हुानु पर्ने हुन्छ । उसको योग्यता र दक्षता उसको कार्य शैलिबाट प्रस्ट हुन्छ । जवसम्म स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने ज्ञान सीपबाट एउटा शिक्षक दक्ष र योग्य हुन सक्दैन तव सम्म स्थानीय शैक्षिक सामग्री प्रयोग गरी  प्रभावकारी शिक्षण सिकाई गर्न सक्षम छ भन्न सकिदैन । यस सम्बन्धमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ले प्राथमिक शिक्षामा देखा परेका समस्याहरु औंल्याई समाधान गर्न दिईएका सुझावहरुमा प्राथमिक तहमा शिक्षकको योग्यता कक्षा १२ वा प्रविणता प्रमाण पत्र तहा वा सो सरहको योग्यताको स्तर वृद्धि हुनु पर्छ भनिएको थियो उक्त सुझावको कार्यान्वयन १२ वर्ष पछि शिक्षक सेवा आयोग (पाचौा संसोधन) यिमावली २०६७ लागु भएपछि वि.सं. २०६८ साल बैसाख १ गतेबाट प्राथमिक तहको शिक्षकककालागि प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको व्यक्तिले प्रवेश पाउने व्यवस्था भएकोमा उक्त सुझाव कार्यान्वयन भएको छ । यो व्यवस्था लागु भएपछि प्रवेश गर्ने प्राथमिक  शिक्षकहरुमा योग्याता र दक्षता विकास भएकोले प्राथमिक तहको शिक्षण सिकाइमा विषयवस्तुका आधारमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्वन्धीसमस्यालाई  केहीहदसम्म कम गर्न सहज भएको छ । पाठ्यक्रमले उल्लेख गरेका विषय वस्तुलाई स्पस्ट रुपमा विद्यार्थी समक्ष पुऱ्याउने यो नै सर्वौपरि माध्यम भने वन्न सक्दैन । यसकालागि पाठ्यक्रम सम्वन्धी तालिमको व्यवस्था गरेर शिक्षकलाई सर्वप्रथम पाठ्यक्रमको वारेमा पूर्ण रुपमा दक्ष वनाउन सकेमात्र स्थानीय स्तरमा भएका समान्य वस्तुहरुले समेत शिक्षण सिकाईमा स्थान पाउने छन् भन्ने कुराको धारणा । प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ ले उल्लेख गरेको छ ।

यसै प्रसङ्गमा के तपाईलाई स्थानीय शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्नु हुन्छ भनि गरीएकोप्रश्नमा शिक्षकले दिएको प्रतिक्रियामा सामाजिक विषय शिक्षण गर्न न्यून मात्रामा स्थानीय शैक्षिक सामग्री प्रयोग गरेको त्यसका ठाउमा मूल्य पर्ने चित्र नक्साहरुको प्रयोग गर्ने गरेको वताएका थिए । कसरी स्थानीय शैक्षिक सामग्री निर्माण गर्ने भन्ने वारे सामान्य जानकारी भएता पनि स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या परेको वताएका थिए । स्थानीय शैक्षिक सामग्री प्रयोगमा के कस्ता समस्या छन् भन्ने प्रश्नमा शिक्षक, प्र.अ. ले योग्यता र दक्षता  सम्वन्धीसमस्या शिक्षकमा रहेको कुरा जनाएका थिए । जसलाई निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका ७: शैक्षिक सामग्री निर्माण  सम्वन्धी सीपको समस्या

| विवरण | प्र.अ.को प्रतिक्रिया | शिक्षकको प्रतिक्रिया |
|---|---|---|
| स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोग | कम भएको | केही मात्र |
| उपलव्ध भएको शैक्षिक सामग्री प्रयोग | भएको | भएको |
| स्थानीय शैक्षिक सामग्री निर्माणमा विद्यार्थीलाई उत्प्रेरित गर्ने | गरेको | गरेको |
| स्थानीय शैक्षिक सामग्री निर्माण  सम्वन्धी छुट्टै तालिम लिएको | छैन | छैन |
| शिक्षकले स्थानीय शैक्षिक सामग्री निर्माण गरी कक्षा गएको | कहिलेकाही | कहिलेकाही |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

माथि उल्लेखित तालिका अनुसार स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग कहिलेकाही भएको  र उपलब्ध शैक्षिक सामग्रीको प्रयोग भएको पाइन्छ। स्थानीय शैक्षिक सामग्री निर्माणमा विद्यार्थीलाई उत्प्रेरित गर्ने गरेको पाइन्छ। चारवटै विद्यालयका प्र.अ.र शिक्षकले स्थानीय शैक्षिक सामग्री निर्माण  सम्वन्धी छुट्टै तालिम नपाएको पाइयो। स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोग सम्वन्धी छुट्टै तालिमको व्यवस्था नभएका कारणबाट शिक्षक तथा प्र.अ.मा स्थानिय स्तरमा उपलब्ध सामग्रीको प्रयोग गर्न सकिन्छ भन्ने ज्ञान तथा धारणा भएता पनि व्यवहारिक रूपमा कक्षा कोठामा प्रयोग गर्न वोझका रुपमा लिइएको पाइन्छ। शिक्षकले स्थानीय शैक्षिक सामग्री निर्माण गरी कक्षा नगएता पनि बढी मूल्य पर्ने शैक्षिक सामग्री लिएर जाने गरेको पाइयो।  योग्यता दक्षता सम्वन्धी समस्या एउटा चुनौतिपूर्ण समस्या हो। समय परिस्थिति परिवर्तन हुादै जाादा पहिला ग्रहण गरेका योग्यता र दक्षतालाई पुन:र्ताजगी वनाईरहनु पर्ने हुन्छ। पुरानै योग्यता दक्षताले नयाा परिवेशलाई आत्मसाथ गर्न सकेन भने कुनै पनि कार्यक्रम प्रभावकारी हुन सक्दैन। शिक्षण सिकाइका लागि आवस्यक पर्ने शैक्षिक सामग्रीहरु मध्येको एउटा पाटो स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग एउटा दक्ष शिक्षकबाट हुन सकेको खण्डमा शिक्षण प्रभावकारी हुने देखिन्छ। तर यस अध्ययन पछि देखिएको स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था भने समस्या नै रहेको पाइयो।

४.३.३ विद्यालयको शैक्षिक सामग्री निर्माण र व्यवस्थापनमा कमजोरी

शिक्षण सिकाइ गर्ने क्रममा कक्षा कोठा व्यवस्थापन देखि लिएर शैक्षिक सामग्री व्यवस्थापन, बसाइ व्यवस्थापन र मनोविज्ञानको व्यवस्थापन, अतिरिक्त स्थानीय शैक्षिक सामग्रीको व्यवस्थापन गर्नु एउटा शिक्षकको कार्य हुन आउछ । यसरी स्थानीय शैक्षिक सामग्रीको सही ढंगले व्यवस्थापन गर्ने शिक्षकको कमिका कारण विद्यालय वरपर रहेका सामग्रीलाई स्थानीय शैक्षिक सामग्रीको रुपमा सामाजिक शिक्षणमा प्रयोग कम भएको पाइयो । स्थानीय शैक्षिक सामग्री कसरी निर्माण र व्यवस्थापन गर्नु हुन्छ भन्ने प्रश्नमा प्र.अ.र शिक्षको प्रतिक्रियालाई तलिकामा देखाउदा ।

तालिका ८: स्थानीय शैक्षिक सामग्री निर्माण र व्यवस्थापनमा कमजोरी

| स्थानीय शैक्षिक सामग्री | विद्यालयको प्र.अ. | शिक्षक | कैफियत |
|---|---|---|---|
| वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्रीको उपयोग र व्यवस्थापन | भएको छ | भएको छ | केहिमात्र |
| मनविय स्रोतको रुपमा उपयोग र व्यवस्थापन | कहिलेकाही | कहिलेकाही | उदाहरण दिएर |
| शिक्षक विद्यार्थीकोसंयुक्त प्रयासमा निर्मित शैक्षिक सामग्रीको संकलन र उपयोग | गरीएको | भएको | केहिमात्र |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथि उल्लेखित तालिका अनुसार ठोस योजनाका अभावका कारण स्थानीय शैक्षिका सामग्रीको व्यवस्थापन हुन सकेको पाइदैन । स्थानीय शैक्षिक सामग्रीलाई विषय वस्तुसग कसरी समायोजन हुने गरी प्रभावकारी शिक्षण सिकाई गर्ने भन्ने सर्दभमा प्र.अ.र शिक्षकमा पनि त्यस सम्वन्धी जागरुकताको अभावका कारण स्थानीय शैक्षिक सामग्रीको प्रयोगको मात्रा कम भई समस्या देखापरेको पाइयो । कक्षा कोठा र विद्यालय अवलोकन गर्दा व्यवस्थापन सम्वन्धी कार्यशैलिमा असन्तुष्ट जाहेर गर्न सकिने ठाउ पाइयो । भएका स्रोत साधन पनि सही रुपमा कार्यान्वयन

भएका देखिदैनन । यसर्थ विद्यालय वरिपरि पाइने स्थानीय शैक्षिक सामग्रीलाई  सही ढंगले उपयोग गर्न नसक्दा सामाजिक विषयको नतिजामा समेत असर गरेको छ ।

४.३.४ शिक्षकमा पाठ्यक्रम सम्वन्धी ज्ञानको अभाव

पाठ्यक्रम तयस्तो साधान हो जसले विषय वस्तुलाई प्रभावकारी ढंगले प्रस्तुत गर्न निर्माण गरीएकोपूर्व योजना हो । जसको माध्यमबाट प्रभावकारी शिक्षण सिकाइमा गति प्रदान हुन्छ । वास्तवमै पाठ्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको शिक्षकले उक्त पाठ्यक्रम कसरी कार्यान्वयन गर्ने भन्ने सम्वन्धमा सिपालु हनुपर्दछ । पाठ्यक्रम सम्वन्धी समस्याका कारण स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या रहेका छन भनि गरीएको प्रश्नमा पाठ्यक्रमवारे प्र.अ. शिक्षकले दिएको प्रतिक्रियालाई तालिकामा उल्लेख गर्दा ।

तालिका ९: शिक्षकमा पाठ्यक्रम सम्वन्धी ज्ञानको अभाव

| विवरण | शिक्षण | सङ्ख्या |
|---|---|---|
| पाठ्यक्रम अनुसार शैक्षिक सामग्री प्रयोग गर्नु भएको छ | कहिलेकाहि | ४ |
| पाठ्यक्रम वारे सवै कुरा बुझ्नु भएको छ | राम्ररी छैन | ४ |
| पाठ्यक्रम प्रभावकारी प्रयोग गर्ने सिप सिक्नु भएको छ | केहिमात्रामा | ४ |
| पाठ्यक्रमको उपलव्धता | छ | ४ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

माथि उल्लेखित तालिका अनुसार ४ विद्यालय मध्ये ४ विद्यालयमा पाठ्यक्रमको उपल्वधता भएको पाइयो । पाठ्यक्रमवारे ४ जना शिक्षकलेनै पाठ्यक्रम वारे सवै कुरा राम्रो ज्ञान नभएको वताए । भने शिक्षकले आफूलाई ज्ञान भएसम्म पूर्ण रुपमा पाठयक्रम अनुसार शिक्षण गर्ने गरेको वताए । पाठ्यक्रममा उल्लेख गरियका शैक्षिक सामग्रीको उपयोग कम हुन गई विद्यार्थीलाई पाठ्यक्रमले तोके अनुरूपका विषयवस्तुको ज्ञान प्रदान गर्न सकियको छैन । यसर्थ अवलोकन गर्दा शिक्षकले पाठ्यक्रम उपलव्ध भए पनि त्यसलाई ठाउ व्यवस्थापन नगरेको पाइयो । जसले गर्दा स्थानीय शैक्षिक सामग्री प्रयोग गरी शिक्षण सिकाई गर्न समस्या पैदा भएको पाइयो ।

### ४.४ प्राथमिक तहको सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरु सुझाउन अपनाइएका उपायहरु

समस्या पहिचान गरी ती समस्याको समाधान गर्नु नै समस्या सुल्झयाउनु हो । सामाजिक विषयको शिक्षण गर्दा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्थामा देखियका समस्या समाधान गर्न विद्यालयका प्र.अ. र शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ । त्यसता समस्या सुल्झयाउन भएगरका प्रयासवरे शिक्षकसाग अन्तर्वार्ताता र प्र.अ.साग खुलावलि प्रयोग गरीयको थियो । शिक्षक र प्र.अ.ले समस्याहरु समाधान गर्न निम्न उपायहरु अपनाएको पाइन्छ ।

#### ४.४.१ तालिमको अभावमा अपनाइएका समाधानका उपायहरु

सामाजिक विषय शिक्षण गर्दा स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या आउनुमा तालिमको अभावको कारण देखिन्छ । यस तहका लागि सेवाकालिन, पूर्वसेवाकालिन, पुनर्ताजगी र अन्य विभिन्न तालिम दिनु पर्दछ । यसको अभावको वावजुद शिक्षकसाग भएको पूर्वसेवाकालिन तालिम, पूर्वज्ञान, सिप, अनुभव प्रयोग गरेर तालिमको अभावमा आएको समस्या समाधानमा केही मात्रामा भएपनि प्रयास गरेको वताएका थिए । त्यसतै अभिभावक, प्र.अ. ले सामान्य गोष्ठि कार्यशला गरी  राय सुझाव र अनुभव आदान प्रदान गरी समस्या समाधानमा सहयोग गरेको वताएका थिए ।

#### ४.४.२ विद्यलयले शैक्षिक सामग्रीको निर्माण र व्यास्थापनको समस्या समाधानमा अपनाइएका समाधानका उपायहरु

व्यवस्थापन सम्बन्धी समस्या समाधानमा के कस्ता उपायहरु अपनाइएका छन भनि प्र.अ. र शिक्षकलाई सोधिएको प्रश्नमा शिक्षकहरुले आफुसाग भएको ज्ञान र सिपको आधारमा व्यवस्थापनमा देखिएका समस्या समाधानमा कक्षाकोठाको बसाई, मनोविज्ञानका साथसाथै स्थानीय शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने गरेको वताएका थिए । सिमित भए पनि स्थानीय शैक्षिक सामग्री राख्ने ठाउको व्यवस्था समेत गरेको पाइयो । प्र.अ. र अभिभावकले समय समयमा व्यवस्थापन सम्वन्धी सुझाव र राय शिक्षकलाई दिने र नियमित व्यवस्थापन सम्वन्धी निरीक्षण गरी व्यवस्थापनमा सहयोग गरेको पाइयो ।

४.४.३ योग्यता र दक्षतासम्वन्धी समस्या समाधानमा अपनाइएका उपायहरु

योग्यता र दक्षताको अभावमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या समाधान गर्न के कस्ता समाधानका उपायहरु अपनाइएका छन भनि गरीएकोप्रश्नमा प्र.अ.र शिक्षकबाट आएको प्रतिक्रियामा कहिलेकाहीं स्रोत व्यक्तिबाट सामान्य राय र सुझाव आएता पनि त्यसले शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा पूर्ण सहयोग गरेको पाइएन । यसका लागि समय समयमा शैक्षिक सामग्रीको प्रयोग सम्वन्धी तालिमको माग गरी समस्या समाधान गर्न प्रयत्न गरको पाइन्छ ।

४.४.४शिक्षकमा पाठ्यक्रम सम्वन्धी ज्ञानको अभावमा अपनाइएका उपायहरु

पाठ्यक्रमको प्रभावकारी ढंगले कार्यान्वयन नहुादा स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या देखिएका छन् । त्यस्ता समस्या समाधान गर्न पाठ्क्रम अनुसार शिक्षण गर्न शिक्षकलाई निर्देशण दिइएको प्र.अ. ले वताएका थिए भने शिक्षकहरुले पाठ्यक्रम अनुसार शिक्षण सिकाइमा स्थानीय शैक्षिक सामग्री प्रयोगमा आएका समस्या समाधानमा गर्ने प्रयत्न गर्ने बताएका थिय ।

## अध्याय पाँच : प्राप्ति, निकर्ष र सुझाव

प्राथमिक तहको सामाजिक विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोग सम्वन्धी तत्कालिन अवस्था धारणा प्रयोग सम्वन्धी समस्या र समाधान गर्न अपनाइएका उपाएहरु सम्वन्धमा वास्तविक्ता पहिचान गर्ने उद्देश्यका साथ दुई माध्यमिक र दुई प्राथमिक विद्यालय छनोट गरीएको थियो । अनुसंधान मिश्रीत ढाचा भएपनि मुलतः गुणात्मक अनुसंधान पद्धतिलाई अङगीकार गरीएकोथियो । जसको प्राप्ति, निकर्ष र सुझाव निम्न अनुशार पस्तुत गरीएको छ ।

### ५.१ प्राप्ति

यस अनुशन्धान कार्यमा मुख्यतः ४ ओटा उद्देश्यहरु स्थानीय शैक्षिक सामाग्री सम्बन्धमा वर्तमान अवस्थाको मूल्याङ्न धारणको लेखाजोखा,प्राथमिक तहको सामाजिक विषय शिक्षण गर्दा स्थानीय शैक्षिक सामाग्रीको मूलयाङ्कन, स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखियका समस्या र उक्त समस्या समाधानका लागि अपनाइएका समाधानका उपायहरूमा केन्द्रित गरी यको थियो । अध्ययन पूर्व साहित्यलाई पनि मध्य नजर गर्दै यो अध्ययन गरीएको थियो । अध्ययन क्षेत्र छनोट गर्दा उद्देश्यउनमुख विधी प्रयोग गरीएको थियो भने नमुना विद्यालयको छनोट गर्दा संभावनायुक्त विधि अन्तर्गत गोलाप्रथाबाट गरीएको थियो । यसमा पूर्व पश्चिम राजमार्गलाई आधारमानि रोडबाट नजिक पर्ने कोसीहरैंचा न.पा.मा पर्ने दुइवट र सुन्दरदुलारी न.पा. मा पर्ने दुईवटा गरी चारवटा विद्यालयलाई समावेश गरीएकोथियो । सूचना संकलन गर्दा प्र.अ.लाई खुल्ला प्रश्नावली, शिक्षकलाई अन्तर्वाता र विद्यार्थीलाई लछित समूह छलफल र अवलोकन फारम प्रयोग गरीएको थियो ।

#### ५.१.१. वर्तमान अवस्थाको मूल्याङ्कन/सरोकारवालाको धारणा

- शिक्षण सिकाइमा अर्थपूर्ण तरिकाले सिकाइ गर्न सहयोग पुऱ्याउने स्थानीय वातावरणमा पाइने शैक्षिक सामग्री हुन भन्ने धारण दिएता पनि व्यवहारिक रुपमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग कम भएको पाइयो । स्थानीय शैक्षिक सामग्रीको प्रयोगलाई बोझ र झन्जटको रुपमा लिइएको पाइयो ।

- तालिम, गोष्ठि, सेमिनारले स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरेमा शिक्षण प्रभावकारी हुन्छ भन्ने सैद्धान्तिक ज्ञान दिइएतापनि शिक्षण सिकाइमा त्यसता स्थानीय स्तरमा प्राप्त हुने शैक्षिक सामग्रीको प्रयोग अत्यन्त न्युन भएको पाइयो ।

- उपलब्ध भएका शैक्षिक सामग्रीको उपयोग पश्चात दीर्घकालिन उपयोगको लागि सुरक्षित तवरले संरक्षण गर्न नसकेको पाइयो ।

- अभिभावक तथा विद्यार्थीले शैक्षिक सामग्रीको उपयोगमा रुची राखि यिनिहरूको प्रभावकारी उपयोग हुनु पर्ने वताएको पाइयो ।

- स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्वन्धमा छुट्टै तालिम प्रदान गर्न नसकियको र यसबाट शिक्षकको दक्षतामा समेत निखार आउन नसकेको पइयो ।

५.१.२ स्थानीय शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था

सामाजिक विषयमा समावेश गरीएका विषयवस्तु सामाजिक क्रियाकलापमा आधारित छन । प्रयोगात्मक शिक्षण प्रणालीलाई जोड दिदै विद्यार्थीहरु स्यंम्बाट समस्याको खोज र समाधानका उपायहरु पहिल्याई आˆनो विचार सीप दक्षता रुचि तथा खुसिका आधारमा व्यक्ति परिवार समुदायको विकास प्रति आकर्षित हुन र असल नागरीक वन्न सकुन भन्ने अपेक्षा गरीएको छ, यस्ता विषयवस्तुलाई व्याख्यान विधिवाट शिक्षण गर्दा सिकाइ प्रभावकारी नहुन सक्छ । त्यसका लागि ती मानव निर्मित वस्तुहरू समाजभित्रै यततत्र छरिएर रहेका छन , तिनलाइनै स्थानीय शैक्षिक सामग्रीका रुपमा प्रयोग गर्न सकियो भने गुणस्तरिय शिक्षण सिकाइ गर्न सकिन्छ भन्ने धारणा वतावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्रीको सामाजिक विषयको शिक्षण सिकाइमा प्रभावकारी ढंगले प्रयोग नगरेको पाइयो । वातावरणमा पाइने मानवनिर्मित स्थानीय शैक्षिक सामग्री मध्ये सडक, यातायात, स्काउट र स्वास्थ्उय चौकी वाहेक अन्य सामग्रीको उपयोग कम मात्रमा प्रयोग भएका कारणले शिक्षण प्रभावकारी नभएको पाइयो ।

- शिक्षण सिकाइका क्रममा स्थानीय स्तरमा प्राप्त हुन सक्ने मानवस्रोतका स्थानीय शैक्षिक सामग्रीहरुलाई सिकमी, डकर्मी शिक्षक आदिलाई उपयोग गरको पाइयो ।

- शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री मध्ये सामान्य नक्सा वाहेक अन्य शैक्षिक सामग्री निर्माण गरेर प्रयोगमा ल्याएको पाइएन ।

- पलास्टिक, कपडा, बाास, काठ आदि बाट वनेका सामग्रीको उपयोग कममात्रामा गरेको पाइयो ।

- विद्यार्थी, शिक्षकको संयुक्त प्रयासमा निर्मित सामग्री संकलन, निर्माण र प्रयोग गर्न सकिने अवस्था भएता पनि यस तर्फ त्यति ध्यान नदिएको पाइयो ।

- स्थानीय शैक्षिक सामग्रीको रुपमा स्थलगत क्षेत्रको क्षेत्रगत भ्रमण गर्न सकिने प्रशस्त संभावना भयता पनि यस्ता महत्व पूर्ण क्षेत्रको उपयोग कम मात्रामा भएको पाइयो ।

- विद्यार्थीले स्थानीय स्तरबाट संकलन तथा तयार पारेर ल्याएका सामग्रीको प्रयोग पश्चात ती सामग्रीको संरक्षणमा ध्यान पुऱ्याउन सकेको पाइएन ।

- विद्यालय प्रशासनबाट स्थानीय स्तरमा प्राप्त सामग्रीलाई उपयोग गर्ने शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था भएको पाइएन ।

५.१.३ स्थानीय शैक्षिक सामग्री प्रयोग सम्वन्धी समस्या

वालवालिकालाई प्राकृतिक विषय वस्तुप्रति रुचि जगाउन र त्यस्ता विषय वस्तुको प्रत्क्षय अवलोकन र अनुभव गर्न सक्ने वातावरण वनाई शिक्षण गर्नु पर्ने भएता पनि शिक्षकमा सेवाकालिन पुनताजगी स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग सम्वन्धी तालिमको अभावले स्थानीय शैक्षिक सामग्री प्रयोगमा निम्न समस्या भएको पाइयो ।

- शिक्षकमा रहेको विषयवस्तु र स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा तालिम र दक्षताको अभावका कारण स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या भएको पाइयो ।

- स्थानीय शैक्षिक सामग्रीको व्यवस्थापन सम्वन्धमा प्र.अ र शिक्षकलाईृ आवश्यक ज्ञान र सिप नहुदा र शैक्षिक सामग्रीको प्रयोगमा ध्यान नदिदा शिक्षण प्रभावकारी वन्न नसकेको ।

- शिक्षण सिकाइलाई प्रभावकारी वनाउन स्थानीय शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका खेल्दछ तर योजनावद्ध शिक्षण सिकाइ नहुदा शैक्षिक सामग्रीको प्रयोगमा समस्या आएको पाइयो ।

- पाठ्यक्रम प्रयोगमा वेवस्ता र अनभिज्ञताको कारण स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्या उत्तपन्न भएको पाइयो ।

- स्थानिय शैक्षिक सामग्रीको निर्माण, प्रयोग र संरक्षणमा सरोकारवाला व्यक्ति र प्रशासनिक निकायबाट समय समयमा निरीक्षण नहुनु पनि समस्याका रुपमा पाइयो ।

- समय र स्रोत साधनका कारणले विद्यालय वरिपरी रहेका कतिपय मन्दिर,खोला,वन जंगल,स्वास्थ्य चौकी र अन्य सार्वजनिक निकाय समेतको अवलोकन कम गराएको पाइयो ।

- स्थानिय स्तरमा प्राप्त भएका र निर्माण गरिएका शैक्षिक सामग्रीको संरक्षणमा ध्यान पुऱ्याउन सकेको पाइएन ।

५.१.४ स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समाधानमा अपनाइएका उपायहरू

- तालिम सम्वन्धीसमस्याका कारण स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समाधान गर्न पूर्ण सेवाकालिन तालिम प्राप्त शिक्षकलाई शिक्षण पेशामा प्रवेस गराएको पाइयो । शिक्षकमा रहेको ज्ञान सिपलाई भरपुर रुपमा प्रयोग गर्ने प्रयास गरेको पाइयो ।

- प्र.अ. अभिभावक र श्रोत व्यक्तिले समस्या सुल्झ्याउन सामान्य प्रयत्न गरेको पाइयो ।

- योग्यता र दक्षतावाट स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समाधान गर्ने कहिले काही शिक्षक र प्र.अ.विच संयुक्त वैठकामा छलफल गर्ने गरेको पाइयो ।

- पाठ्यपुस्तकलाई वढी केन्द्रित गरी शिक्षण गर्ने गरको पाइयो ।

- लिखित योजना भन्दा पनि मानसिक योजना निर्माण गरी शिक्षण गर्ने गरेको पाइयो ।

- शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा समेत स्थानीय स्रोत सामग्रीको निर्माण गरी उपयोग गरिएको पाइयो ।

- शैक्षिक सामग्रीको संरक्षणमा केही विद्यालयमा दराजको व्यवस्था मिलाइएको पाइयो ।

- समय समयमा सहपाठी शिक्षक साथीसँग समस्या राखी समाधानका लागि पहल गरिएको पाइयो ।

- स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समाधानका लागि तालिमको माग समेत गरिएको पाइयो ।

- स्थानीय स्तरमा प्राप्त हुने शैक्षिक सामग्रीको साटो वढी मूल्य पर्ने शैक्षिक सामग्रीको प्रयोग भएको पाइयो ।

- विद्यालय वरिपरी रहेका कतिपय मन्दिर, खोला, वन जंगल, स्वास्थ्य चौकी र अन्य सार्वजनिक निकाय समेतको अवलोकन कहिलेकाँही गरायको पाइयो ।

- विद्यालयमा विद्यार्थी, शिक्षक र प्रशासनविचको सम्वन्ध सन्तोष जनक पाइयो ।

- विद्यालयमा विद्यार्थीका अभिभावकको पनि कहिलेकाही उपस्थिति भइ विविध विषयवस्तु उपर छलफल गरेको पाइयो ।

- शिक्षक र विद्यार्थी विचको सम्वन्ध सुमधुर रहेको पाइयो ।

## ५.२ निष्कर्ष

- स्थानीय शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्थाको मूल्याङ्कन गर्दा सरोकारवालाको शैक्षिक सामग्री सम्वन्धी स्पष्ट धारणा नभएको पाइयो । सामान्य धारणाले स्थानीय शैक्षिक सामग्रीको धारणालाई समेटन सकेको पाइदैन ।

- प्राथमिक तहको सामाजिक विषय शिक्षण गर्ने स्थानीय शैक्षिक सामग्रीको महत्व पूर्ण भूमिका भए पनि त्यसलाई प्रभावकारी ढंगले प्रयोग गरेको पाइएन । स्थानीय शैक्षिक सामग्री सम्वन्धी शिक्षकमा रहेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रुपमा प्रयोग भएको देखिदैन ।

- विद्यालयमा रहेको शिक्षकमा शैक्षिक सामग्री निर्माण सम्वन्धी समय समयमा तालिमको अभाव, व्यवस्थापन सम्वन्धी सीपको अभाव, प्राथमिक तहमा पढाउने अधिकांश शिक्षक बढी उमेरका हुनु जस्ता कारणले स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा समस्या रहेको देखिन्छ ।

- स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानमा अपनाइएका उपायहरुमा शिक्षकमा भएको पूर्वज्ञान सिपलाई अभिकतम उपयोग गरी समस्या समाधान गर्ने गरेको पाइन्छ ।

## ५.३ सुझावहरु

अध्ययनका क्रममा विभिन्न चरणमा प्राप्त भएका सूचनाहरुको विश्लेषण र व्याख्याका आधारमा निम्न सुझाव दिइएको छ ।

- शिक्षकहरुलाई नियमित ढंगले पूर्नताजगी तालिम र स्थानीय शैक्षिक सामग्री निमार्ण र प्रयोग सम्वन्धी विषेश तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- स्थानीय शैक्षिक सामग्रीलाई सही ढंगले व्यवस्थापन गर्न प्र.अ.,अभिभावक र श्रोत व्यक्तिले समेत नियमित निरीक्षण गरी सहयोग गर्नु पर्ने देखिन्छ ।
- स्थानीय शैक्षिक सामग्री निर्माण विकास गरी प्रयोग गर्न विद्यालयमा नेपाल सरकारले आर्थिक र प्राविधिक सहयोग गर्नु पर्ने देखिन्छ ।
- शिक्षकमा शैक्षिक सामग्रीको निर्माण र प्रयोग सम्वन्धी योग्यता र दक्षताको कमिले स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा समस्या देखियो त्यसैले शिक्षकलाई योग्यता र दक्षता वृद्धि गर्ने कार्यक्रम संचालन गर्नुपर्ने आवस्यकता देखिन्छ ।
- स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधान गर्ने योजनाबद्ध शिक्षण गर्ने शिक्षकलाई पुरस्कृत र उत्प्रेरित गर्नु पर्दछ ।
- स्थानीय शैक्षिक सामग्रीको संरक्षण गर्न र व्यवस्थापनलाई प्रभावकारी वनाउन दराज तथा ऱ्याकको व्यवस्था गर्नु पर्दछ ।
- सरोकारवाला निकाय र प्र.अ.को सहयोगमा वरिपरी रहेका केही विद्यालयको समूह वनाइ समय समयमा शिक्षकको सामुहिक भेला गराई छलफल र अंतरक्रियालाई समेत प्रोत्साहन दिनु पर्दछ ।
- विद्यालय वरिपरी रहेका कतिपय मन्दिर, खोला, वन जंगल, स्वास्थ्य चौकी र अन्य सार्वजनिक निकाय समेतको अवलोकन तथा भ्रमण कार्यक्रम संचालन गर्नु पर्दछ ।
- शिक्षण सिकाइलाई प्रभावकारी वनाउन स्थानीय शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका खेल्ने भएकाले योजनावद्ध शिक्षण सिकाइमा जोड दिनु आवश्यक छ ।

# सन्दर्भसूची

अर्याल, बैकुण्ठ पैसाद, निरौला, यादव चन्द्र र कोईराला, सिताराम (२०६७), शैक्षिक विकासका विविध पक्षहरु, डिल्लिबजार, काठमाडौः मकालु प्रकासन गृह ।

अफानस्येभ, भिक्टर (२०६७) दर्शनशास्त्रको प्ररम्भिक ज्ञान, बागबजार, काठमाडौंः विविध पुस्तक भण्डार ।

अधिकारी, बिष्णु प्रसाद(२०६७) शिक्षाशास्त्र र नेपाल शिक्षा,बागबजार काठमाडौंः आषिश पुस्तक भण्डार ।

अधिकारी, बिष्णु प्रसाद (२०६७) प्राथमिक शिक्षक दिकदर्शन, बागबजार काठमाडौंः आषिश पुस्तक भण्डार ।

खनाल, पेशल (२०६६) शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर काठमाडौंः सनलाइट, पब्लिकेशन, स्टुडेन्ट बुक्स ।

गौतम, प्रदिप चन्द्र (२०५२),परिचयात्मक शिक्षा,भोटाहिटि, काठमाडौंःएम के पब्लिशर्स एण्ड डिष्टिव्यूटर्स ।

घिमिरे, इन्द्रविलासर गिरि र केवानान्द (२०६१) सामाजिक अध्ययन शिक्षण सामाग्री, गल्कोपाखा, ठमेल, काठमाडौंः किसोर अपसेट ।

ठाकुर, इन्द्रदेव (२०५३), सामाजिक अध्ययन शिक्षण, भोटाहिटी, काठमाडौंः रत्न पुस्तक भण्डार ।

ढकाल, माधवप्रसाद(२०६२) माध्यामिक शिक्षकका लागि हाते पुस्तक, भोटाहिटी, काठमाडौंः रत्न पुस्तक भण्डार ।

तामाङ., यम बहादुर (२०६५) प्राथमिक तहमा सामाजिक अध्ययन विषयको शैक्षणिक आवश्यकताको पहिचान, स्नाकोत्तर शोध पत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

पौडेल, विनिता (२०६५) प्रथमिक विद्यालयका शिक्षकको पेशागत स्थिति एक अध्ययन, स्नाकोत्तर शोध पत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ.कन विभाग ।

लुइटेल, चक्रपाणी (२०६१), सामाजिक अध्ययन शिक्षण, प्रदर्शनिमार्ग, काठमाडौंः निमा पुस्तक प्रकाशन ।

सेरिड (२०५९), विकासको निम्ति शिक्षा (शैक्षिक सामग्री र शिक्षा) त्रि.वि. काठमाडौंः सेरिड ।

सेरिड (२०३३) शैक्षिक सामग्री र शिक्षा, त्रि.वि. काठमाडौंः सेरिड ।

सिलवाल,प्रकाश (२०६७), अन्नपूर्ण शिक्षा, चैत्र, शिक्षा साप्ताहिक, काठमाडौंः अन्नपूर्ण पोष्ट ।

शर्मा, चिरन्जीवी र शर्मा,निर्मला (२०६४),कक्षा कोठा मनोविज्ञान,भोटाहिटी, काठमाडौंः एम के पब्लिशर्स एण्ड डिष्टिव्यूटर्स ।

शर्मा, चिरन्जीवी र शर्मा,निर्मला (२०६६), शिक्षाको समाजशास्त्रीय आधार, भोटाहिटी, काठमाडौंः एम के पब्लिशर्स एण्ड डिष्टिव्यूटर्स ।

शिक्षा मन्त्रालय (२०५७), शिक्षासेवा आयोग नियमावली, (पााचौ संशोधन) २०६७, केशरमहल काठमाडौंः शिक्षामन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६५),प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, सानोठिमि भत्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा मन्त्रालय (२०६५), मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला कक्षा ५, सानोठिमि भत्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०५५), प्राथमिक शिक्षक तालिम, शिक्षक स्वअध्ययन सामग्री, सामाजिक अध्ययन शिक्षण, सानोठीमी भत्तपुरः शैक्षिक जनशक्ति विकाश केन्द्र ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०२८), राष्टिय शिक्षा पद्धति योजना, केशरमहल काठमाडौंः शिक्षा तथा खेलकुद मन्त्रालय ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०४९), राष्टिय शिक्षा आयोग केशरमहल  काठमाडौंः शिक्षा तथा खेलकुद मन्त्रालय ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०५७),प्राथमिक पाठ्यक्रम दिग्दर्शन सानोठिमि भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

श्रेष्ठ,श्रीकृष्ण (२०६२), वृहत सामान्य ज्ञान, रामशाहपथ काठमाडौंः पैरवी पैकाशन ।

## सामाजिक शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था

## अनुसूची १: शिक्षकका लागि अन्तर्वाता प्रश्नावली

शिक्षकको नाम : मिति :

विद्यालयको नाम :

१. स्थानीय शैक्षिकसामग्री के के हुन सक्छन् ?

२. त्यस्ता साधनको संकलन गर्नु भएको छ ? छ भने ती के के हुन ?

३. त्यस्ता शैक्षिक सामग्रीको निर्माण कसरी गर्नु भएको छ ?

४. विद्यार्थीहरुलाई कसरी शैक्षिक सामग्रीको निर्माणमा सहभागि गराउनु हुन्छ ?

५. के तपाई र विद्यार्थी को सहभागितामा स्थानीयस्तरमा त्यत्तिकै खेरा गइरहेका वस्तुहरुको संकलन र प्रयोग गरी कुनै शैक्षिक सामग्रीको निर्माण गरी प्रयोगमा ल्याक्उनु भएको छ ? छ भने ति सामग्री के के हुन् ?

५. त्यस्ता शैक्षिक सामग्रीको प्रयोग कुन कुन अवस्थामा गर्नु हुन्छ ?

६. स्थानीय शैक्षिकसामग्रीको प्रयोग गर्दा विद्यार्थीको रुची कस्तो पाउनु भएको छ ?

७. विद्यार्थीको रुची विषयवस्तुसाग सान्दर्भिक पाउनु भएको छ ?

८. स्थानीय शैक्षिकसामग्रीको प्रयोग गरिरहदा विद्यार्थीमा कस्तो उत्सक्ता पाउनु भएको छ ?

९. विद्यार्थी परिचित शैक्षिक सामग्रीको संकलनमा कसरि जोड दिनुहुन्छ ?

१०. तपाईले प्रयोग गर्नु भएका स्थानीय शैक्षिकसामग्री कक्षाका सबै विद्यार्थीले देख्न सक्छन ? सक्दैनन् भने विद्यार्थीले के गर्छन ?

११. स्थानीय शैक्षिकसामग्रीको प्रयोगले विद्यार्थीको नियमिततामा कस्तो प्रभाव पारेमको छ ?

१२. कक्षामा एकचोटि प्रयोग गरिएका शैक्षिक सामग्रीहरुलाई कसरि संरक्षण गर्नु हुन्छ ?

१३. किन त्यसता सामग्रीको संरक्षण गुर्न पर्छ जस्तो लाग्छ ?

१४. स्थानीय शैक्षिकसामग्रीको प्रयोग गर्दा विद्यार्थीको विषयवस्तु प्रति उतप्रेरणा कस्तो पाउनु हन्छ ?

१५. तपाईले समय समयमा स्थानीय शैक्षिकसामग्री संकलन , निर्माण र प्रयोग सम्वन्धी तालिम पाउनु भएको छ ? छ भने कति पल्ट ?

१६. छैन भने तालिमको माग गर्नु भएको छ ?

१७. स्थानीय शैक्षिकसामग्री निर्माण र प्रयोग सम्वन्धी तालिम तपाईका लागि कतिको उपयोगी छ ?

१८. स्थानीय शैक्षिकसामग्रीको रुपमा प्राकृतिक मानव निर्मित तथा मानविय स्रोतका साधन मध्ये कुन साधनको प्रयोग वढि गर्नुहन्छ ?

१९. किन त्यस्ता स्रोतलाई वढि प्राथामिकता दिनु भएको हो ?

२०. स्थानीय शैक्षिकसामग्रीको प्रयोग सम्वन्धी प्र.अ. को भूमिका कस्तो हन्छ ?

२१. प्रधानाध्यापकले तपाईको कक्षा अवलोकन गर्नु भएको छ?

२२. यस्ता विषय वस्तुले शिक्षक वैठकमा प्राथमिक्ता पाएका छन ?

२३. स्थानीय शैक्षिकसामग्रीको प्रयोग गरिरहदा विद्यार्थीमा कस्तो उत्सक्ता पाउनु भएको छ ?

२४. स्थानीय शैक्षिकसामग्रीको प्रयोग गरि शिक्षण गर्दा कस्तो अनुभव गर्नु हन्छ ?

२५. विद्यालयको वरिपरि वातावरणमा रहेका प्रकृतिक शैक्षिक सामग्रीहरुलाई विद्यार्थी माझ कसरी प्रयोग गर्दै आइरहनु भएको छ ?

२६. विद्यलयमा शैक्षिक सामग्री संरक्षण गर्नका लागि के कस्तो व्यवस्था गरिएको छ ?

२७. स्थानीय शैक्षिकसामग्रीको संकलन गर्दा के कस्ता कठिनाइ पाउनु भएको छ ?

२८. स्थानीय शैक्षिकसामग्रीको निर्माणमा के के कठिनाई आइपर्न सक्छन ?

२९. तपाईले विषयमा प्रयोग हुने शैक्षिक सामग्रीसाग सम्वन्धीत समस्याका सम्वन्धमा अन्य शिक्षकहरु साग कहिल्यै छलफल गर्नु भएको छ ? कस्ता कस्ता सुझाव पाउनु भयो ?

३०. प्राकृतिक तथा मानव निर्मित ठाउाको स्थलगत भ्रमणमा विद्यार्थीलाई सहभागी गराउनु भएको छ ? यसो गर्दा के के समस्या आइपरे ?

३१. कक्षा काठामा शैक्षिक सामग्री प्रर्दशन गर्दा विद्यार्थीले प्रष्ट नदेख्न सक्छन , यस्तो अवस्थामा कसरी देखाउनु हुन्छ ?

३२. स्थानीय शैक्षिकसामग्रीको  निर्माण संकलन र प्रयोगमा प्र. अ. बाट कस्तो सहयोगको अपेक्षा गर्नु हुन्छ ?

३३. स्थानीय शैक्षिकसामग्रीको प्रयोग गर्दा आइपर्ने समस्यालाई कसरी समाधान गर्दौ आउनु भएको छ ?

३४. शैक्षिक सामग्रीको प्रयोग गर्दा कक्षाका विद्यार्थीबाट के अपेक्षा गर्नु हुन्छ ?

३५. स्थानीय शैक्षिकसामग्रीको प्रयोग गर्दा अभिभावकको कस्तो प्रतिक्रिया पाउनु भएको छ ?

३६. तपाईले प्रयोग गरेका स्थानीय शैक्षिकसामग्रीबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

आˆनो अमूल्य समय दिई सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद ।

## सामाजिक शिक्षणमा स्थानीय शैक्षिकसामग्री प्रयोगको अवस्था

## अनुसूची २: प्र.अ. का लागि प्रश्नावली

प्र.अ. को नाम : मिति :

विद्यालयको नाम :

कृपया सोधिएका प्रश्नहरुको उत्तर खाली ठाउमा लेखी सहयोग गरि दिनु होला ।

१. तपाईले आफ्ना शिक्षकको कक्षा अवलोकन गर्नु भएको छ ? सामान्यतया वर्षमा कति पटक ?
२. उक्त कक्षा अवलोकनको समयमा के शिक्षकले स्थानीय शैक्षिकसामग्रीको प्रयोग गरेको पाउनु भएको छ ? ती शैक्षिक सामग्री के के थिए ?
३. स्थानीय शैक्षिकसामग्रीको प्रयोग गर्न शिक्षक र विद्याथीलाई कसरी उत्प्रेरण जगाउादै आउनुभएको छ ?
४. शिक्षकले कक्षा कोठामा शैक्षिक सामग्रीको प्रयोग गरको पाउादा तपाई कस्तो अनुभव गर्नु हुन्छ ?
५. तपाईले स्थानीय शैक्षिकसामग्रीको संकलन र निर्माणमा विद्यार्थीलाई कसरी सहभगि गराउादै आउनुभएको छ ?
६. स्थानीय शैक्षिकसामग्रीको प्रयोगमा शिक्षक र विद्यार्थीको अभिरूची कस्तो पाउनुभएको छ ?
७. शिक्षकले कक्षामा प्रदर्शन गरेका शैक्षिक सामग्री पाठ्यवस्तु अनुरूपका छन् ?
८. तपाईले शिक्षक तथा विद्यार्थीले संकलन र निर्माण गरेका शैक्षिक सामग्रीलाई कसरी सुरक्षित गर्दै आउनुभएको छ ?
९. शिक्षकले तपाईसाग स्थानीय शैक्षिकसामग्रीको निर्माण सम्वन्धमा कुनै समस्या राख्नु भएको छ ? के के ?
१०. शिक्षकले तपाईसाग स्थानीय शैक्षिकसामग्रीको संकलन सम्वन्धमा कुनै समस्या राख्नु भएको छ ?
११. शिक्षकले तपाईसाग स्थानीय शैक्षिकसामग्रीको प्रयोग सम्वन्धमा कुनै समस्या राख्नु भएको छ ?
१२. शिक्षकले स्थानीय शैक्षिकसामग्रीको प्रयोग गर्दा कस्तो अनुभव गर्दछन् ?
१३. कक्षामा शिक्षकले प्रयोग गरेका शैक्षिक सामग्री विद्यार्थीको स्तर अनुकुलका छन् ?
१४. शैक्षिक सामग्रीको प्रयोग गरि शिक्षण गर्दा विद्यार्थीको शैक्षिक उपलब्धी कस्तो पाउनु भएको छ ?
१५. शैक्षिक सामग्रीको प्रयोग गरि शिक्षण गर्दा विद्यार्थीको नियमिततामा कस्तो असर पाउनु भएकोछ ?

१६. स्थानीय शैक्षिकसामग्रीको संकलन,प्रयोग र व्यवस्थापनमा शिक्षकको भूमिका कस्तो पाउनु भएकोछ ?

१७. प्राकृतिक तथा मानव निर्मित स्थलको स्थलगत भ्रमणलाई कसरी व्यवस्थापन गर्दै आउनुभएको छ ?

१८. तपाईले शिक्षकले स्थानीय शैक्षिकसामग्रीको संकलन गर्दा के कस्ता कठिनाई पाउनुभएको छ ?

१९. तपाईले स्थानीय शैक्षिकसामग्रीको संरक्षण गर्दा के कस्ता व्यवस्थापकिय समस्या पाउनुभएको छ ?

१९. तपाई सामु विद्यार्थीले शैक्षिक सामग्रीका वारेमा कुनै समस्या लिएर आएका छन् ? छन भने कस्ता कस्ता समस्या ल्याए ?

२०. स्थानीय शैक्षिकसामग्रीको सम्वन्धमा अभिभावक कुनै गुनासो लिएर आउनुभएको छ ? छ भने के के थिए ?

२१. शिक्षकले शैक्षिक सामग्रीको निर्माण , संकलन र प्रयोग सम्वन्धी तालिमको मागलाई कसरी उठान गर्दै आउनुभएको छ ?

२२. स्थानीय शैक्षिकसामग्रीको निर्माण , संकलन र प्रयोग को मागलाई कसरी संवोधन गर्दै आउनुभएको छ ?

२३. स्थानीय शैक्षिकसामग्रीको निर्माण र संकलनमा आर्थिक रूपमा कसरी सहयोग पुऱ्याउदै आउनुभएको छ ?

२४. तपाईलाई किन स्थानीय शैक्षिकसामग्रीको प्रयोगमा प्राथामिकता दिनु पर्दछ जस्तो लाग्दछ ?

प्रश्नावली भरी सहयोग गरिदिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

## सामाजिक शिक्षणमा स्थानीय शैक्षिकसामग्री प्रयोगको अवस्था

## अनुसूची ३: लक्षित समुह छलफल निर्देशितका

विद्यालयको नाम :                                                                 मिति :

कक्षा :

१. सामाजिक विषयमा शिक्षकले शिक्षण गर्ने तरिका ।

२. क्षैक्षिक सामग्रीको स्रोत ।

३. स्थानीय शैक्षिकसामग्रीसम्वन्धी विद्यार्थीको धारण ।

४. विद्यार्थीको सहभागितामा निर्माण र संकलन गर्न सकिने स्थानीय शैक्षिकसामग्रीको सम्वन्धमा ।

५. विषय शिक्षकले निर्माण र संकलन गर्न सकिने स्थानीय शैक्षिकसामग्रीको सम्वन्धमा ।

६. प्राकृतिक तथा मानव निर्मित प्रयोग गर्न सकिने स्थानीय शैक्षिकसामग्री ।

७. खेरा फालिएका वस्तुवाट निर्माण सकिने स्थानीय शैक्षिकसामग्री ।

८. विषय शिक्षकले पढाउँदा शैक्षिक सामग्रीको प्रयोग ।

९. विद्यार्थी परिचत स्थानीय शैक्षिकसामग्रीको प्रयोग ।

१०. विद्यार्थी परिचत स्थानीय शैक्षिकसामग्रीको प्रयोग गर्दा विद्यार्थीको रूची र अनुभव ।

११. शैक्षिक सामग्रीको आकार ।

१२. शैक्षिक सामग्रीको प्रयोगमा शिक्षकको तत्परता ।

१३. शैक्षिक सामग्रीको निर्माणमा प्र.अ. को सहयोग ।

१४. शैक्षिक सामग्रीको संरक्षण ।

१५. शैक्षिक सामग्रीको प्रयोग गर्दा कक्षा कोठामा आएका समस्या ।

१६. स्थानीय शैक्षिकसामग्री संकलन गर्दा आइपरेका समस्या ।

१७. स्थानीय शैक्षिकसामग्रीको निर्माण गर्दा आइपरेका समस्या ।

१८. प्राकृतिक तथा मानव निर्मित वस्तुको स्थलगत भ्रमण गर्दा आएका समस्या ।

१९. विद्यार्थीले स्थानीय शैक्षिकसामग्री संकलन र निर्माण गर्दा विद्यालयका प्र.अ.र अन्य शिक्षकबाट पाएको प्रतिक्रिया ।

२०. विद्यार्थीलाई अभिभावकबाट प्राप्त हुने प्रतिक्रिया ।

२१. स्थानीय शैक्षिकसामग्री संकलन र निर्माणमा रहेका समस्या ।

२२. स्थानीय शैक्षिकसामग्री प्रयोग गर्दा विद्यार्थीको अनुभव ।

२३. शैक्षिक सामग्री सम्वन्धमा विद्यार्थीको अपेक्षा ।

# सामाजिक शिक्षणमा स्थानीय शैक्षिकसामग्री प्रयोगको अवस्था

## अनुसूची ४: अवलोकन फारम

विद्यालयको नाम : मिति :

विषय : घण्टी :

पाठ : कक्षा :

शिक्षकको नाम : विद्यार्थी संख्या :

सम्वन्धीत महलमा (√) रेजा चिन्हको प्रयोग गर्ने ।

क)कक्षाकोठामा शैक्षिक सामग्री प्रयोगको अवस्था

| क्र. सं. | शैक्षिक सामग्री प्रयोगको अवस्था | वरम्वार | कहिलेकाही | कहिल्यैनभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | चित्र | | | | |
| २ | नक्सा | | | | |
| ३ | ग्लोव | | | | |
| ४ | सुचि /तालिका | | | | |
| ५ | ठोस वस्तु | | | | |
| ६ | तस्वीर | | | | |
| ७ | फालाटिन पाटी | | | | |
| ८ | गोजी तालिका | | | | |
| ९ | शैक्षिक सामग्रीको प्रदर्शन | आफैले हातले देखाएर | विद्यार्थीलाई समात्न लगाएर | फालाटिन वोड/भित्तामा झुण्डाएर | |
| १० | शैक्षिक सामग्रीको प्रदर्शन समय | केही समय | पुरै घण्टा | त्यहि छोडिदिन | |

ख) स्थानीयस्तरमा उपलब्ध शैक्षिक सामग्रीको प्रयोग र निर्माण

| क्र. सं. | शैक्षिक सामग्री प्रयोगको अवस्था | वरम्वार | कहिलेकाही | कहिल्यैनभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | कागजबाट बनाइएका सामग्री | | | | |
| २ | बाासबाट | | | | |
| ३ | काठबाट | | | | |
| ४ | माटोबाट | | | | |
| ५ | ढुंगाबाट | | | | |
| ६ | कपडाबाट | | | | |
| ७ | पलास्टिकबाट | | | | |
| ८ | शैक्षिक सामग्रीको संकलन,निर्माणमा विद्यार्थीको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहयोग | | | | |
| ९ | शैक्षिक सामग्रीको संरक्षणमा विद्यार्थीको सहयोग | | | | |
| १० | शैक्षिक सामग्री राख्ने | | | | |
| ११ | दराज/¬याकको व्यवस्था | | | | |
| १२ | शैक्षिक सामग्री निर्माणमा र संकलनमा पुरस्कारको व्यवस्था | | | | |

ग) वातावरणमा पाइने प्राकृतिक र मानव नर्मित वस्तुको प्रयोग

| क्र. सं. | वातावरणमा पाइने प्राकृतिक वस्तुको उपयोग | स्थलगत भ्रमण | चित्र वनाएर | उदाहरण दिएर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ढुंगा | | | | |
| २ | माटो | | | | |
| ३ | नदी | | | | |
| ४ | वोटविरूवा | | | | |
| ५ | गुफा | | | | |
| ६ | ताल | | | | |
| ७ | जङ्गल | | | | |
| ८ | हिमाल | | | | |
| ९ | पहाड | | | | |
| १० | जीवजनावर | | | | |

| क्र. सं. | वातावरणमा पाइने मानव निर्मित वस्तु को उपयोग | स्थलगत भ्रमण | चित्र वनाएर | उदाहरण दिएर | कैफियत |
|---|---|---|---|---|---|
| १ | गा.वि.स./नगरपालिका | | | | |
| २ | मन्दिर | | | | |
| ३ | गुम्बा | | | | |
| ४ | मस्जित | | | | |
| ५ | चर्च | | | | |
| ६ | स्वास्थ्य चौकी | | | | |
| ७ | रेडक्रस | | | | |
| ८ | सरकारी कार्यालय | | | | |
| ९ | | | | | |
| १० | | | | | |

घ) शैक्षिक सामग्रीको रुपमा मानवीयक स्रोतको उपयोग

| क्र. सं. | मानविय स्रोतको उपयोग | स्थलगत भ्रमण | चित्र वनाएर | उदाहरण दिएर | कैफियत |
|---|---|---|---|---|---|
| १ | डाक्टर | | | | |
| २ | शिक्षक | | | | |
| ३ | वकिल | | | | |
| ४ | सिकर्मी | | | | |
| ५ | डकर्मी | | | | |
| ६ | पथ प्रदर्शक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | गायक /गायिका | | | | |
| ८ | समाजसेवी | | | | |
| ९ | शिक्षा प्रेमी | | | | |
| १० | सेना / प्रहरी | | | | |
| ११ | सवारी चालक | | | | |
| १२ | नर्स | | | | |